**जुवातास खेल्नु र खेलाउनु कानूनी अपराध हो**

जुवातास खेले वा खेलाएमा, मुलुकी अपराध संहिता, २०७४ को दफा १२५ मा

- पहिलो पटक खेल्ने वा खेलाउनेलाई तीन महिनासम्म कैद वा तीस हजारसम्म जरिवाना,
- दोश्रो पटकमा एक वर्षसम्म कैद र पचास हजार रूपैंयासम्म जरिवाना,
- त्यसपछि हरेक पटक थप तीन महिनासम्म कैद र दश हजार रूपैंयासम्म जरिवाना,
- जुवा खेल्न प्रयोग भएको साधन, जुवाखालमा प्राप्त सम्पूर्ण चल अचल सम्पत्ति जफत हुनेलगायतका कानूनी व्यवस्था छ।



त्यसैले जुवातास नखेलौं-नखेलाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड



भ.पु.जि.प्र.का.द.नं. २६/२०५५/५६

भ.पु.जि.हु.का.द.नं. २/०७०/७१

# मजदुर

The Worker Daily दैनिक

Website : www.onlinemajdoor.com



'मजदुर' दैनिक पत्रिका नियमित पढ्ने गरौँ ।

नयाँ ग्राहक बन्न चाहनुहुने महानुभावहरूले मो.नं. ९८०३६८७३२३ मा सम्पर्क राखी थप जानकारी प्राप्त गर्न सकिनेछ ।

मजदुर The Worker Daily दैनिक



★ वर्ष : २८ ★ अङ्क : २६९ ★ ने. सं. ११४६ कौला थ्व, अष्टमी ★ सोमबार ★ २ कार्तिक, २०८३ ★ October 19, 2026, Monday ★ मूल्य रु. ५।– ★ पृष्ठ ८


## पर्व बिदामा नयाँ पुस्तक अध्ययन र जानकारी हासिल गर्नु उपयुक्त हुने

भक्तपुर, १ कार्तिक । प्रभात इङलिस सेकेन्डरी स्कूलका एसईई २०७६ समूहका विद्यार्थीहरूको आयोजनामा भएको पेसाकप फुटसल प्रतियोगिता आइतबार सम्पन्न भएको छ ।

कार्यक्रममा प्रभात इङलिस सेकेन्डरी स्कूल व्यवस्थापन समितिका अध्यक्ष प्रेम सुवालले अनुशासित भएर 'पेसा कप -२०८३ फुटसल प्रतियोगिता' सम्पन्न गरिएकोमा आयोजक समूह र सहभागी सबै समूहलाई धन्यवाद तथा विजयी विद्यार्थीलाई बधाई व्यक्त गर्नुभयो ।

सांस्कृतिक पर्वको लामो बिदामा फुटसल प्रतियोगिता सम्पन्न गरियो, बाँकी दिनमा नयाँ नयाँ पुस्तक अध्ययन गर्ने र राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय समाचारबारे जानकारी लिनु उपयुक्त हुने सुझाव उहाँले व्यक्त गर्नुभयो ।

फ्रान्समा महँगीविरूद्ध हिंसात्मक प्रदर्शन भइरहेको लामो समय भइसकेको र नेपालमा पनि सांस्कृतिक पर्वको मुखमा ४० देखि ३०० प्रतिशतसम्म मूल्य वृद्धि भएको सार्वजनिक भएको चर्चा गर्दै समितिका अध्यक्ष सुवालले भन्नुभयो, "मूल्यवृद्धिको विरोध हुनु जरूरी छ । प्यालेस्टिनको गाजाका नागरिक खाना र औषधिको अभावमा तड्पिरहेको पुन: सार्वजनिक भयो । इजरायलले प्यालेस्टिनी जनतामाथि बमबारी गरी नरसंहार गरिरहेको पनि लामो भयो । नेपाली जनताले युद्धको विरोध गर्नु जरूरी छ ।"

सन् १९३० को दशकमा दक्षिण अमेरिकाबाट सुरू भएको फुटसललाई सीमित स्थानमा खेलाडीको मानसिक र शारीरिक विकासमा थप मद्दत गर्ने खेलको रूपमा लिइने गरेको जानकारी दिँदै उहाँले भन्नुभयो, "विद्यालयले शैक्षिक उन्नयन सँगसँगै विद्यार्थीको अतिरिक्त क्रियाकलापलाई त्यति नै जोड दिनु जरूरी छ ।"

आगामी दिनमा पेसा कप फुटसलसँगै अन्य खेलकुदको पनि आयोजना गर्नु उपयक्त हुने उहाँले सुझाव दिनुभयो ।

कार्यक्रममा आयोजकको तर्फबाट विपिका सुलु र सलिना सुवालले पनि बोल्नुभएको थियो ।

प्रतियोगितामा छात्रतर्फ २०७७ समूह पहिलो, २०७२/७३ समूह दोस्रो तथा छात्रातर्फ २०७८ समूह पहिलो र २०७६ समूह दोस्रो भएका थिए ।

## देशको अवस्थाबारे उब्जिएको प्रश्न

- नेपाल प्रहरीका अनुसार गत वर्ष भदौ २४ गते भएको उपद्रवमा १११३ मुद्दा दर्ता भएकोमा १११३ व्यक्त नै पक्राउ परेको ३० असोजको 'नयाँ पत्रिका'मा प्रकाशित भयो । पक्राउ परेकामध्ये २७३ जना अझै कारागारमा रहेको पनि सार्वजनिक भयो । सरकारी कार्यालय तोडफोड र आगजनीमा दुरूत्साहन गर्ने को को हुन् ? रास्वपा सरकारले तोडफोड र आगजनी गरेकामध्ये २०६ वटा मुद्दा फिर्ताको प्रक्रिया थालेको सार्वजनिक भयो । क-कसले नवयुवाहरूलाई देशभरि तोडफोड र आगजनी गराएको हो ? राष्ट्रिय मानव अधिकार र कार्की आयोगको प्रतिवेदनमा यसबारे उल्लेख भएकै छ । दोषीलाई कारबाही गर्ने निकाय र अधिकार को को हुन् ?
- भूकम्प, कोभिडको बेला कृत्रिम मूल्यवृद्धि भएको यतिबेला गत भदौ १० गतेको रसुवा भोटेकोसी

बाँकी पृष्ठ २ मा

## समयमा निवेदन दिएर जग्गा फिर्ता लिन आग्रह




भक्तपुर, १ कार्तिक । बालाखु गणेश भजन गुठी, ब्यासीको आयोजनामा भएको भक्तपुर नगरस्तरीय कमिसला पाँय् प्रतियोगिताको पुरस्कार वितरण तथा समापन कार्यक्रम आइतबार सम्पन्न भयो ।

कार्यक्रममा भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले भनपाले मौलिक खेलको संरक्षण गर्न स्थानीय पाठ्यक्रममा कसिमला पाय् खेल राखिएको जानकारी दिँदै मौलिकता बचाउन सबैले आ-आफ्नो क्षेत्रबाट सहयोग गर्नु जरूरी भएको आवश्यकता औँल्याउनुभयो ।

प्रमुख प्रजापतिले दाफा प्रदर्शन गरेर भनपाले मूर्त र अमूर्त सम्पदाहरूको संरक्षण गर्दै आएको उहाँले बताउनुभयो ।

प्रमुख प्रजापतिले भन्नुभयो, "भूमिसम्बन्धी ऐनको संशोधन विधेयक २०८३ अध्यादेश जारी भएपछि देको मिवामा गुठी जग्गा कमाउनेहरूको समस्या समाधान गर्न मद्दत पुगेको छ । त्यसैले सरोकारवाला सबैले समयमा निवेदन दिएर आ-आफ्नो जग्गा फिर्ता लिन म आग्रह गर्दछु ।"

समस्या भएका जग्गावालाहरूसँग छलफल गरी सम्भव भएसम्म समस्या समाधान गर्ने कोशिश भइरहेको स्पष्ट पार्दै प्रमुख प्रजापतिले भन्नुभयो, "अझै कोही समस्यामा हुनुहुन्छ भने छलफल गरेर टुङ्ग्याइने छ; आयोजनामा विद्युत् र खानेपानी व्यवस्था गर्न सम्बन्धित कार्यालयसँग समन्वय गरिररहका छौँ ।"

भजन गुठी नाइके कृष्णभक्त सुजखुको सभापतित्वमा भएको कार्यक्रममा वडा नं. २ का वडाध्यक्ष हरिप्रसाद बासुकला, राजाराम सुवालगायतले बोल्नुभएको थियो । प्रतियोगितामा पहिलो, दोस्रो र तेस्रो हुन सफल भएकालाई पुरस्कार वितरण गरिएको थियो ।

## कार्की आयोगको प्रतिवेदनको सार सङ्क्षेप - १४८

२०८२ भदौ २३ गते देशमा भएको जनधनको क्षति, मानव अधिकार उल्लङ्घनका घटनामा राज्य सञ्चालक तहमा रहेका तत्कालीन सरकारका प्रधानमन्त्री केपी ओली र गृहमन्त्री रमेश लेखकसँग आयोगले राज्यद्वारा गरिएको मानव अधिकार उल्लङ्घनलगायत संसद् भवन परिसरबाहिर २३ भदौमा चलेको गोलीका सम्बन्धमा सोधपुछ गरेको थियो । सो सोधपुछमा गोली हान्न दिने कानुन नै नभएको, आफूहरूले गोली हान्न आदेश नदिएको र थाहा नभएको भनी जवाफ दिएको पाइन्छ । बानेश्वर एभरेस्ट होटलअगाडि प्रहरीको ब्यारिकेड तोडेपछि गृहमन्त्रीले "सिलसिलेवर रूपमा बल प्रयोग गरी स्थिति नियन्त्रण गर्नू भनी आफूलाई निर्देशन दिनुभएको" भनी प्रजिअ छविराज रिजालले दिएको बयानमा उल्लेख गरेका छन् ।

२०८२ भदौ २३ गतेको संसद् परिसर क्षेत्र बानेश्वरमा घटेका घटनामा जवाफदेही हुनेहरूउपर कुन अभियोग लाग्न सक्ने अवस्था छ र कुन कानुन लाग्ने हो भन्ने सम्बन्धमा हेर्नुपर्ने भयो । त्यसतिर हेर्दा हत्या र अवैध बल प्रयोगका लागि केही पदाधिकारीहरूका सम्बन्धमा मुलुकी अपराध संहिताअन्तर्गतका कसूरहरू आकर्षित हुन आउने देखियो । केही पदाधिकारीहरूका हकमा निजहरूका सम्बन्धित सेवासम्बन्धी कानुनबमोजिम कारबाही गर्नुपर्ने अवस्था देखिन आयो । प्रत्येक पदाधिकारीको ओहदाअनुसारको जिम्मेवारी, दायित्व, सम्पादन गरेको कार्य, घटनामा संलग्नताको गाम्भीर्यतासमेतको आधारमा पद र जिम्मेवारीअनुसार कारबाहीको लागि निम्नानुसार सिफारिश गरिएको छ ।

१ कार्यकारी प्रमुख तत्कालीन प्रधानमन्त्री के पी शर्मा ओली,

२ तत्कालीन गृहमन्त्री रमेश लेखक र

३ तत्कालीन प्रहरी महानिरीक्षक चन्द्रकुबेर खापुङ हकमा

कर्तव्यको जानाजानी उल्लङ्घन भयो । घण्टौँसम्म Live Firing हुँदा रोक्ने प्रयास नगरी मौन बसेको र अन्तिम बल प्रयोग गर्नुपर्दा अनुपातिक र आवश्यकता (Necessity) को सिद्धान्तलाई राम्ररी पालना नगरेको सङ्कलित प्रमाणबाट देखिन्छ । अन्तिम बल प्रयोग गर्दा धातुको गोली प्रहार रोक्ने सुधारात्मक आदेश ( Corrective order) दिनेतर्फ प्रयास नै नगरेको देखियो । २३ गते मात्र १७ जना संसद् परिसर बाहिर मारिएकामा आफूलाई घटनाका सम्बन्धमा थाहा नभएको भनी दायित्वबाट पन्छिन खोज्नु सिद्धान्तत: मिल्ने देखिएन । संविधानले ग्यारेन्टी गरिएको सर्वसाधारण जनताको जीउज्यानको सुरक्षा, शान्तिपूर्ण नि:शस्त्र भेला प्रदर्शनहरू गर्न पाउने अधिकारको मर्यादा, मान्यता र राज्यबाट संरक्षण हुने विश्वासमा निस्किएका शान्तिपूर्ण जुलुसहरूमा समेत आवश्यकभन्दा बढी बलको प्रयोग भएको देखिन आएको छ ।

प्रधानमन्त्रीले संसद् भवन परिसर बाहिर लगभग ४ घण्टा गोली चलिरहँदा केहीको मृत्यु र सयौँ घाइते भइसकेको अवस्थामा पनि राज्यका सबै नागरिकको अभिभावकको जिम्मेवारी र दायित्व भएका पदाधिकारीको हैसियतले थप मानवीय क्षतिलाई रोक्न प्रयास नगर्नु प्रधानमन्त्री (अभिभावक) को ठुलो कमजोरी हो ।

तत्कालीन प्रधानमन्त्री के. पी. ओलीले जाँचबुझको क्रममा आयोगले सोधेका घटनासम्बन्धी सबै प्रश्नहरूको जवाफ दिनुभएन । "एसईईका विद्यार्थी र फिल्डका प्रहरीलाई सोध्ने प्रश्न" भनेर जवाफ दिन उहाँले असहयोग गर्नुभयो ।

गृह प्रशासन, सुरक्षा निकायका प्रमुखहरू र समग्रमा शान्ति सुरक्षाको सम्पूर्ण दायित्व भएका गृहमन्त्री रमेश लेखक र देशको कार्यकारिणी प्रमुख रहेका प्रधानमन्त्री केपी ओलीले २३ गते दिउँसो नै बढी मानवीय क्षति रोक्नेतिर कुनै पहलको प्रयाससम्म गरेको देखिन आएन । भदौ २३ गते घटना भएको दिउँसो २ बजे नै बैठक बोलाइए पनि प्रधानमन्त्रीले राति १० बजे पछिमात्र राष्ट्रिय सुरक्षा परिषद्को बैठक बसालेको देखियो ।

बाँकी पृष्ठ २ मा

## इरान–पाकिस्तान सीमा आवागमन अस्थायी रूपमा बन्द

तेहरान, १ कार्तिक (एएनआई) । प्राविधिक समस्या र सुरक्षा चिन्ताका कारण इरान र पाकिस्तानबिचको सीमापार आवागमन तथा व्यापार अस्थायी रूपमा रोकिएको छ । दुवै देशका अधिकारीहरू सीमा नाकालाई सकेसम्म चाँडो सामान्य सञ्चालनमा फर्काउन परामर्शमा जुटेका छन् ।

इरानको विदेश मन्त्रालयका प्रवक्ता इस्माइल बाघाईले शनिबार केही प्राविधिक समस्याका साथै सावधानीका उपाय आवश्यक भएकाले सीमापार आवागमन अस्थायी रूपमा स्थगित गरिएको बताउनुभयो । इरानी समाचार संस्था इरनाका अनुसार उहाँले दुवै देशका सम्बन्धित अधिकारीहरू समस्या समाधान गर्न नजिकबाट काम गरिरहेको जानकारी दिनुभयो ।

बाँकी पृष्ठ २ मा

### व्यङ्ग्यचित्र कुनो





**अष्टमातृका नाच प्रस्तुत :**
ललितपुरको पाटन दरबार क्षेत्रस्थित मूलचोकमा ऐतिहासिक गँ: प्याखँ (अष्टमातृका नाच) प्रस्तुत गर्दै देवगण । पाटनको सांस्कृतिक तथा तान्त्रिक परम्परासँग जोडिएको यस नाचमा विभिन्न देवीदेवताका १३ देवगण सहभागी हुन्छन् । प्रत्येक देवगणको फरक तान्त्रिक मुद्रा र भावभङ्गी रहने गर्छ । *तस्विर: घनश्याम श्रेष्ठ ⁄रासस*

# "शिक्षक समाज परिवर्तनका संवाहक हुन्"

भक्तपुर, १ कार्तिक । संस्थागत विद्यालय सङ्घ (इसान) नेपालको आयोजनामा इसान आबद्ध विद्यालयका शिक्षक-शिक्षिकाहरूमाझ शुभ विजया दशमीको उपलक्ष्यमा शुभकामना आदानप्रदान कार्यक्रम हालै सम्पन्न भयो ।

कार्यक्रममा नेमकिपाका सचिव प्रेम सुवालले शिक्षक समाज परिवर्तनका संवाहक हुन् भन्नुभयो । अग्रज व्यक्तिहरूभैँ शिक्षक पनि जिम्मेवार हुनुपर्ने आवश्यकता औँल्याउँदै उहाँले शिक्षकहरू मार्गदर्शक हुनुपर्छ भन्नुभयो ।

सचिव सुवालले भदौ २३ गतेको आन्दोलनमा अनेक व्यक्तिहरू घुसपैठ भएर विध्वंसकारी हतियार ल्याए पनि थाहा नपाउँदा देशमा विध्वंस मच्चिएको उल्लेख गर्दै सरकारमा बसेकाहरूले त्यो बेलाको अवस्थालाई बुझ्न नसक्नु नेतृत्वको कमजोरी हो भन्नुभयो ।

उहाँले विदेशी संस्थाबाट तालिम भएका व्यक्तिहरूले शासन कब्जा गरे पनि सरकारले नियन्त्रण गर्न नसकेको बताउनुभयो । सुशीला कार्की प्रधानमन्त्री हुँदा बधाई पठाउने दलाइ लामालाई उचाल्नेहरूले तिब्बत टुक्रा गर्ने कुत्सित प्रयास नेपालमा गरेको बताउँदै उहाँले सन् १९५० को सन्धि र एमसीसीजस्ता सम्झौताहरू खारेज गर्नुपर्नेमा जोड दिनुभयो ।

इसानका केन्द्रीय उपाध्यक्ष सनकमान महर्जनले देशका सम्पदा खरानी बनाउनेहरू सत्तामा पुगेकाहरूको नालिबेलीबारे चर्चा गर्दै गलत कुराको विरोध गरेनौँ भने हाम्रो देशको सार्वभौमसत्तामा आँच पुग्ने हुँदा सचेत हुनुपर्ने आवश्यकता औँल्याउनुभयो ।

वाग्मती प्रदेशका सांसद सुरेन्द्रराज गोसाईले नेपाली राजनीतिको स्तर गिर्दै गएको संसारले महसुस गरिरहेको आजको अवस्थामा संसद्समेत रङ्गमञ्चभैँ भइरहेको स्पष्ट पार्नुभयो ।

सरकारले बेलैमा नसोचे भविष्य दुर्घटनामा पर्न सक्ने विचार व्यक्त गर्दै उहाँले हाम्रा अग्रजहरूले छोडेर गएका जीवनोपयोगी गीत, सङ्गीतको अध्ययन गर्दै अनुसन्धानमूलक कार्य गर्दै नयाँ पुस्तालाई जोगाउनुपर्ने आवश्यकता औँल्याउनुभयो ।

इसानका केन्द्रीय अध्यक्ष एवम् सभाका सभापति प्रेमजन थापा श्रेष्ठले विजया दशमीको महत्त्व र वैज्ञानिक महत्त्वबारे प्रस्ट पार्दै पारिवारिक पुनर्मिलनको चाड भन्दै शुभकामना व्यक्त गर्नुभयो ।

उक्त कार्यक्रममा इसानका केन्द्रीय सचिव पुरुषोत्तम ग्वाछाले पनि बोल्नुभएको थियो ।

# चाडपर्वमा चोरी, ठगी र दुर्घटनाबाट जोगिन गण्डकी प्रदेश प्रहरीको आग्रह

कास्की, १ कार्तिक । गण्डकी प्रदेश प्रहरी कार्यालय पोखराले बडादसैँ लगायतका चाड पर्वका अवसरमा हुन सक्ने चोरी, ठगी, लुटपाट र अन्य आपराधिक गतिविधिबाट जोगिन सर्वसाधारणलाई आग्रह गरेको छ । 'सभ्य बनौँ, सुरक्षित रहौँ, हर्षोल्लासका साथ चाडपर्व मनाऔँ' भन्ने सन्देशसहित प्रहरीले सबैलाई आपसी सद्भाव कायम राख्दै जिम्मेवार र सुरक्षित तरिकाले चाडपर्व मनाउन अनुरोध गरेको हो ।

चाडपर्वका बेला घर छाडेर बाहिर जाने, बजारमा किनमेल गर्ने तथा सार्वजनिक स्थानमा भीडभाड बढ्ने भएकाले सुरक्षा सतर्कता अपनाउन प्रहरीले अनुरोध गरेको हो । गण्डकी प्रदेश प्रहरी कार्यालयले चाडपर्वलाई सुरक्षित, मर्यादित र उल्लासमय बनाउन सार्वजनिक अपिल जारी गर्दै घर छाडेर बाहिर जाँदा झ्यालढोका राम्रोसँग बन्द गर्न, छिमेकीलाई निगरानीका लागि अनुरोध गर्न तथा घर र टोलको सुरक्षाका लागि सीसीटीभी र आपत्कालीन साइरनजस्ता सुरक्षा उपाय अपनाउन सुझाव दिएको छ ।

प्रहरीले मेलापर्व तथा भीडभाड हुने स्थानमा गरगहना, मोबाइल र नगद चोरी हुन सक्ने भन्दै आफ्ना सामानको सुरक्षा गर्न र पाकेटमारीबाट जोगिन आग्रह गरेको छ । रातको समयमा घरबाहिरको बत्ती बाल्ने तथा झ्यालढोका राम्ररी बन्द गरेर मात्र सुत्न पनि अनुरोध गरिएको छ । दियो, मैनबत्ती तथा अन्य आगोका स्रोत बालेर छाड्दा आगलागी हुन सक्ने भएकाले विशेष सावधानी अपनाउन प्रहरीले सचेत गराएको छ ।

त्यस्तै, बैङ्कको चेक, एटीएम कार्ड र ओटीपी कोड अरूलाई प्रयोग गर्न नदिन, यात्राका क्रममा अपरिचित व्यक्तिसँग अनावश्यक घुलमिल नगर्न तथा उनीहरूले दिएको खानेकुरा नखान पनि प्रहरीले आग्रह गरेको छ । सुन तथा डलर साट्ने नाममा हुन सक्ने ठगीबाट जोगिन र चाडपर्वको नाममा जुवा, तास खेल्ने तथा खेलाउने गतिविधिबाट टाढा रहन पनि अपिलमा उल्लेख छ ।

प्रहरीले पटका, भुइँचम्पा, आतिसबाजीलगायत विस्फोटक पदार्थको प्रयोगले मानवीय, भौतिक तथा वातावरणीय क्षति पुऱ्याउन सक्ने भन्दै यस्ता गतिविधि नगर्न अनुरोध गरेको छ ।

चर्को आवाजमा लाउडस्पिकर बजाएर ध्वनि प्रदूषण नगर्न, मादक पदार्थ सेवन गरी सवारीसाधन नचलाउन तथा क्षमताभन्दा बढी यात्रु र मालसामान नबोक्न पनि सचेत गराइएको छ ।

मादक पदार्थ सेवन गरी होहल्ला गर्ने, झैझगडा गर्ने, उच्छृङ्खल गतिविधि गर्ने तथा चन्दा, भेटी वा अन्य सहयोगका नाममा अनिच्छित रकम माग्ने काम नगर्न पनि प्रहरीले आग्रह गरेको छ ।

कुनै समस्या परेमा नेपाल प्रहरीको सम्पर्क नम्बर १०० र ट्राफिक प्रहरीको नम्बर १०३ मा सम्पर्क गर्न सकिने जनाइएको छ । **रासस**

# दाङका थारु बस्तीमा सख्या पैयाँ नाचको रौनक

घोराही (दाङ), १ कार्तिक । दाङका थारु बस्तीमा यति बेला सख्या पैयाँ नाचको रौनक छ । दसैँ नजिकिएसँगै जिल्लाका थारु बस्तीमा परम्परागत सख्या पैयाँ नाचको रौनक बढेको हो । दसैँ आउन दुई साता अगाडिदेखि सुरु गरेर बडादसैँ नसकिँदासम्म सामूहिक रूपमा गाउँमा सख्या पैयाँ नाच्ने परम्परा रहेको छ ।

घोराही उपमहानगरपालिका-१७ ओखरामा गत असोज १२ गतेदेखि नै यो नाच सुरु भएको सोही ठाउँका स्थानीय रामप्रसाद चौधरी बताउनुहुन्छ । अन्य थारु बस्तीमा पनि कतिले सुरु गरिसकेका छन् भने कतिले सुरु गर्ने तयारी गरिरहेको उहाँको भनाइ छ । सख्या नाच थारु समुदायमा मात्र नाचिने मौलिक र सबैभन्दा लामो अवधिसम्म नाचिने नाच हो । सख्या नाच प्रायः हरेक वर्षको दसैँको अगाडि कृष्णाष्टमी अटवारी पर्वपछि सुरु भई तिहारसम्म नाचिने संस्कृति रहेको उहाँ बताउनुहुन्छ ।

स्थानीय लक्ष्मिमा चौधरी पछिल्लो समय नाच सुरु हुने र अन्त्य हुने समय ठाउँअनुसार भने फरक फरक हुने गरेको बताउनुभयो । यो नाच महिलाहरू दुई समूहमा विभाजन भएर नाचिन्छ भने मादलमा पुरुषहरू हुन्छन् । नाच हरेक साँझ ०६:००-०७:०० बजेदेखि राति १०:००-११:०० बजेसम्म बरघर अर्थात् गाउँका महतवाको आँगनमा नाच्ने चलन रहेको उहाँको भनाइ रहेको छ ।

थारु अगुवा बुद्धि चौधरीका अनुसार सख्या पैयाँ नाच सुरु हुनभन्दा अगाडि अगुवा मादले र पछुवा मादलेले विशेष किसिमको देवीदेवतालाई सम्झेर भिन्न तालमा मादल बजाउनुपर्छ । जसलाई 'झ्वाङ मर्ना' या 'ट्रासन मर्ना' भनिन्छ । त्यसपछि नाच सुरु हुन्छ । नाचमा उपस्थित युवायुवती, महिला सबैले मादलको तालमा पैयाँ नाच नाच्छन् । फरक फरक ढङ्गले नचाउन सकिने पैयाँ नाच दर्जनौँ किसिमका हुन्छन् । मादलको तालमा सामूहिक रूपमा मुजुरा बजाउँदै आङ्गिक अभिनय, खुट्टाको तालमात्र मिलाएर नचनीहरू नाच्दछन् ।

यस्तो पैयाँ नाच बिचबिचमा नाचिन्छ भने मूल गीतमा भने दुई समूहमा बाँडेर मादलको तालमा दुवै टोलीका नचनीहरू पालैपालो गीत गाउँदै नाच्ने गरिने उहाँको भनाइ रहेको छ । तर, पछिल्लो समय यस्ता परम्परागत विधि पूरा गर्न भने छाड्दै गएको थारु अगुवा चौधरी बताउनुहुन्छ । थारु समुदायको मौलिकतासँग जोडिएको यस्तो नाच नाच्न भने नयाँ पुस्ता अग्रसर नहुने गरेको देखिएको छ । यसका कारण पुस्तान्तरण हुन आवश्यक रहेको उहाँको भनाइ रहेको छ । **रासस**

# बाढी पहिरो प्रभावितलाई प्रवासीको करिब रु. आठ लाख सहयोग

म्याग्दी, १ कार्तिक । पछिल्लो मनसुनजन्य विपद्बाट प्रभावित बनेको म्याग्दीको सदरमुकाम बेनीबजारसँगै रहेको पर्वतको जलजला गाउँपालिकालाई प्रवासीहरूबाट करिब रु. आठ लाख सहयोग प्राप्त भएको छ ।

रोजगारी, पेसा, व्यवसाय र अध्ययनको सिलसिलामा अस्ट्रेलियामा रहेका जलजला जन्मथलो भएकाहरू आबद्ध पर्वत जलजला 'नेपाली कम्युनिटी' ले रु. सात लाख ८३ हजार ३५८ दशमलव पाँच सहयोग गरेको हो ।

अस्ट्रेलियामा रहेका विक्रम खत्रीको नेतृत्वमा सङ्कलन गरिएको उक्त रकम जलजला गाउँपालिकाको विपद् कोषमा जम्मा भएको अध्यक्ष राजुप्रसाद आचार्यले जानकारी दिनुभयो । अध्यक्ष आचार्यले सहयोगदाताहरूलाई धन्यवाद दिँदै विपद्बाट क्षति पुगेका निजी आवास र भौतिक पूर्वाधार पुनर्निर्माणमा परिचालन गरिने बताउनुभयो ।

उहाँका अनुसार बाढीपहिरोबाट जलजलामा १२६ घर पूर्ण र ५० घर आंशिक रूपमा क्षति भएका छन् । थप एक ४० घर जोखिममा रहेका गाउँपालिकाले विवरण सङ्कलन गरेको छ । फर्से, लामाखेत, ताङवाङ, खानीगाउँ, पालसीङ बढी प्रभावित भएका छन् । तटीय क्षेत्रमा कटान र बाढीको जोखिम बढेको छ ।

गाउँपालिका उपाध्यक्ष दीपक आचार्यले बाढीपहिरो प्रभावितको पुनर्वास र पुनर्निर्माणका लागि अल्पकालीन तथा दीर्घकालीन योजना बनाइएको बताउनुभयो । उहाँले भन्नुभयो, "तत्कालका लागि जस्तापाता, भाँडाकुँडा, लत्ताकपडा र खाद्यान्न उपलब्ध गराएर अस्थायी टहरा बनाई बसोबासको व्यवस्था मिलाउने योजना छ । दीर्घकालीन रूपमा सरकारको नीतिअनुसार निजी आवास र क्षतिग्रस्त भौतिक संरचनाको पुनर्निर्माण गर्नेछौँ ।"

उहाँका अनुसार निजी आवाससँगै क्षतिग्रस्त सडक, खानेपानी, सिँचाइ र विद्यालय भवन पुनर्निर्माण तथा जोखिममा रहेका बस्तीको संरक्षण गर्नुपर्नेछ । बाढीपहिरो नियन्त्रणका लागि आवश्यक आर्थिक स्रोत जुटाउन सङ्घीय तथा प्रदेश सरकार, दातृ निकाय र दातासँग समन्वय भइरहेको उहाँले बताउनुभयो । **रासस**

***कार्की...***

जबकि दिउँसो १ बजे नै थुप्रै मानवीय क्षति भइसकेको थियो । नजिकका अस्पतालहरू गोली लागेका सयौँ घाइतेले भरिसकेका थिए ।

भदौ २३ को घटनामा लापरबाही र हेलचेक्र्याइँ गरेको कारण किशोर किशोरीहरूको समेत ज्यान मर्न गएकोमा उहाँहरू जिम्मेवार देखिन आयो । परिणामतः त्यसैदिन १७ जना र त्यही स्थानमा गोली लागेका १२ जनाको पछि मृत्यु हुन गयो । भदौ २३ गतेकै जरियाले २४ गतेको घटना घट्न गयो । यो घटनामा जम्मा ७६ जनाको मृत्यु हुन गयो । देश जल्नु, लुटपाट हुनु र मृत्यु हुन जानुको कारण नै सरकारले २३ गतेको घटनामा गोली हान्न नरोक्नु र २४ गतेको लागि पनि सुरक्षाका कदम नचाल्नुबाट नै सबै घटना सिलसिलेवार रूपमा घट्न गएको देखिन आयो । भदौ २३ गते गोली प्रहारबाट केहीको मृत्यु भइसकेपछि पनि गोली रोक्नतिर तत्कालीन प्रधानमन्त्रीलगायत कुनै पनि पदाधिकारी अग्रसर नभई लापरवाहीपूर्ण र हेलचेक्र्याइँपूर्ण क्रियाकलाप र व्यवहार गरेका कारण अत्यधिक मानवीय क्षति हुन गयो ।

अतः कार्यकारी प्रमुख तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओली, तत्कालीन गृहमन्त्री रमेश लेखक र तत्कालीन प्रहरी महानिरीक्षक चन्द्रकुबेर खापुङसहित तीनजनालाई मुलुकी अपराधसंहिता, २०७४ को दफा १८१ को उपदफा (१) र सोही संहिता, २०७४ को दफा १८२ अनुसार कसूर हेरेर अनुसन्धान, तहकिकात र अभियोजन गर्न गराउन नेपाल सरकारलाई सिफारिस गरी पठाउने निर्णय गरियो ।

***देशको...***

हिमपहिरोपछि पनि कृत्रिम मूल्यवृद्धि भएको सार्वजनिक भयो । अस्वाभाविक मूल्यवृद्धि नियन्त्रण गर्न नेका, एमाले र तत्कालीन माओवादीका सरकारहरू असफल भए भने यतिबेला रास्वपा सरकार पनि मूल्यवृद्धि नियन्त्रण गर्न असफल भएको टिप्पणीहरू सार्वजनिक भइरहेको छ । यसकारण, नेपाली जनताले सरकारमा जाने दल र नेता परिवर्तन होइन आमूल परिवर्तन नै जरूरी भएको त होइन भन्ने प्रश्न गर्नुपर्दैन ?

***इरान...***

यसैबिच, पाकिस्तानले शुक्रबारदेखि गब्द-रिमदान र तफ्तानका आधिकारिक सीमा नाकामार्फत हुने व्यापार रोकेको छ । पाकिस्तानी समाचारपत्र डनका अनुसार वाणिज्य मन्त्रालयले अक्टोबर ३ मा जारी गरेको अघिल्लो आदेश खारेज गर्दै नयाँ आधिकारिक सूचना जारी गरेपछि व्यापार रोकिएको हो ।

बलुचिस्तानका मुख्यमन्त्रीका सञ्चार तथा राजनीतिक मामिलासम्बन्धी सल्लाहकार शाहिद रिन्डले सीमा बन्द गर्नुको उद्देश्य सुरक्षा सुदृढ बनाउनु, तस्करी नियन्त्रण गर्नु र सीमा प्रशासनलाई व्यवस्थित गर्नु रहेको बताउनुभयो ।

उहाँले सामाजिक सञ्जालमा फैलिएका अपुष्ट खबरमा विश्वास नगर्न आग्रह गर्दै सीमा बन्द गर्ने निर्णय दुवैतर्फको सुरक्षा अवस्था र प्रशासनिक समस्या सुधार्न आवश्यक रहेको उल्लेख गर्नुभयो ।

रिन्डका अनुसार दुवै देशका उच्च अधिकारीहरू बाँकी प्रशासनिक समस्या समाधान गर्न वार्तामा छन् । सीमा व्यवस्थापनलाई प्रभावकारी बनाउन र अवैध तस्करी सञ्जाल नियन्त्रण गर्न समन्वित प्रणाली स्थापना गर्ने कामसमेत भइरहेको उहाँले बताउनुभयो ।

## सङ्क्षिप्त समाचार

### दसैँमा घर फर्किनेको लर्को, उपत्यकाबाट पाँच लाख यात्री बाहिरिए

काठमाडौँ, १ कार्तिक । बडादसैँ मनाउन काठमाडौँ उपत्यका छाड्ने यात्रुको सङ्ख्या पाँच लाख नजिक पुगेको छ । घटस्थापनादेखि असोज ३१ गतेसम्म सार्वजनिक यातायातमार्फत चार लाख ९६ हजार ३२३ यात्रुले उपत्यका छाडेका छन् ।

काठमाडौँ उपत्यका ट्राफिक प्रहरी कार्यालयका प्रवक्ता नरेशराज सुवेदीका अनुसार असोज २५ गतेदेखि यात्रु बाहिरिने क्रम जारी छ । हिजोअस्तिको तुलनामा आइतबार बाहिरिने यात्रीको सङ्ख्या घटेको छ । गोंगबुस्थित नयाँबसपार्क, माछापोखरी, कलङ्की, बल्खु, कोटेश्वर र गौशालामा यात्रुको चाप छ ।

दसैँ मनाउन सर्वसाधारण फर्पिङ, नागढुङ्गा, थानकोट, भीमढुङ्गा, तीनपिप्ले, साँखु, भक्तपुरको जगाती र ललितपुरको भट्टेडाँडा नाका हुँदै उपत्यकाबाट बाहिरिएका छन् ।

### दसैँका सामान भित्र्याउन तीन दिनका लागि खुल्यो तातोपानी नाका

सिन्धुपाल्चोक, १ कार्तिक । दसैँका सामान भित्र्याउन तातोपानी नाका आइतबारदेखि अस्थायी रूपमा सञ्चालनमा आएको छ । नाका खुलेसँगै चीनका स्वशासित क्षेत्र सिचाङबाट बिहानैदेखि मालवाहक सवारीसाधन नेपाल प्रवेश गरेका छन् ।

तातोपानी भन्सार कार्यालयका प्रमुख दीपेन्द्रप्रकाश गिरीका अनुसार चाडपर्वका सामान तथा अन्य अत्यावश्यक सामग्रीको आपूर्ति नेपालमा सहज बनाउने उद्देश्यले चिनियाँ पक्षले तीन दिनका लागि नाका खोलेको हो ।

सिन्धुपाल्चोक उद्योग वाणिज्य सङ्घका अध्यक्ष बुद्धराज बस्नेतले लिपिङ र कोदारी क्षेत्रमा कन्टेनरको लाम लागेको सिचाङको न्यालममा ४५ भन्दा बढी कन्टेनर नेपाल प्रवेशको प्रतीक्षामा रहेका बताउनुभयो ।

चीनले गत भदौ १५ देखि अर्को सूचना नभएसम्मका लागि तातोपानी नाका पूर्ण रूपमा बन्द गरेको हो । *रासस*

### सवारी दुर्घटनामा एकको मृत्यु, तीन जना घाइते

जनकपुरधाम, १ कार्तिक । जनकपुरधाम उपमहानगरपालिका- १७ तेतरिया पुलमा गएराति दुई वटा मोटरसाइकल एकापसमा ठोक्किँदा एक जनाको मृत्यु भएको छ भने अन्य तीन जना घाइते भएका छन् ।

जिल्ला प्रहरी कार्यालयका प्रवक्ता प्रहरी ओमप्रकाश खनालका अनुसार एउटा मोटरसाइकलका चालक १८ वर्षीय सुजित यादवको मृत्यु भएको हो । यादवले चलाएको मोटरसाइकलमा सवार बलराम यादव, अर्को मोटरसाइकलका चालक कमला नगरपालिका-७ का २० वर्षीय रामपुकार यादव र त्यसमा सवार सोही स्थानका अखिलेश यादव घाइते भएका हुन् । अखिलेशको अवस्था गम्भीर छ । निजको जनकपुरस्थित न्युरो अस्पतालमा उपचार जारी छ । *रासस*



**थ्रेसर मेसिनको सहायताले धान झार्दै किसान :**
बाँकेको नेपालगञ्ज उपमहानगरपालिका-१९ सुईयागाउँमा थ्रेसर मेसिनको सहायताले धान झार्दै किसान । आधुनिक प्रविधिको सहायताले पछिल्लो समय किसानलाई खेती गर्न सहज भएको छ । *तस्विर: भेषराज बस्नेत/रासस*

# माझी समुदायले मनाउँछन् 'पितरा पर्व' १०४०

काभ्रेपलाञ्चोक, १ कार्तिक । यहाँका माझी समुदायले परापूर्वकालदेखि दसैँको टीका तथा तिहारमा भाइ-टीकाको भोलिपल्टदेखि तीन दिनसम्म ऐतिहासिक-अनौठो 'पितरा पर्व' मनाउने गर्दछन् । प्रत्येक वर्ष विजयादशमीको भोलिपल्ट अर्थात् पापांकुशा एकादशीको दिन र तिहारको भाइटीकाको भोलिपल्ट तृतीयाका दिन यो पर्व माझीहरूले आफ्नै रीतिरिवाजअनुसार मनाउने गर्दै आएका हुन् ।

अन्य समुदायमा मानिस मरेपछि वार्षिक पुण्य-तिथिमा श्राद्ध गर्ने चलन छ । तर, माझी समुदायमा भने अनौठो परम्परा छ, मरेका आफन्तको नाममा एकपटक पितरा निकालेपछि वर्षैपिच्छे श्राद्ध गर्नु पर्दैन । अल्पसङ्ख्यकका रूपमा रहेका यस समुदायले परम्परादेखि आफ्नो संस्कृतिअनुसार मनाउँदै आएको यस पर्वलाई नै 'पितरापर्व' भनिने गरिएको हो ।

मण्डनदेउपुर नगरपालिका-१० आँपचौरका रामकृष्ण माझीका अनुसार यस परम्परा जीवन्त राख्दै आएकाले एक वर्षको बिचमा परिवारमा कसैको मृत्यु भएमा त्यस वर्षको दसैँ र तिहार पर्व सकिएको भोलिपल्ट आफ्नै संस्कृतिअनुसार मनाइँदै आइएको छ । उहाँ भन्नुहुन्छ, "यस परम्परालाई निरन्तरता दिन स्थानीय युवाले अग्रसरता लिँदै आएका छन् ।" विशेषगरी आँपचौरमा माझी समुदायको बाक्लो बस्ती रहेको छ । माझी समुदाय मिलेर बस्तीभरि वर्षमा जति जनाको निधन हुन्छ, उनीहरूको नाममा एकैसाथ सामूहिक रूपमा पितरा पर्व मनाइने गरिएको माझीको भनाइ छ ।

किंवदन्तीअनुसार कुनै एक समयमा महादेव र पार्वती पृथ्वी भ्रमण गर्ने क्रममा एउटा ठूलो नदी छेउमा आइपुगे र नदी पार गर्न नसक्दा नदी किनारमा डुङ्गा चलाउँदै गरेको एक माझीलाई आफूहरूलाई नदी पार गराइदिन अनुरोध गरेपछि माझीले पनि नदी पार गराइदिएकाले महादेव दम्पती खुसी भई 'तिमीहरू मर्दा बाँच्नेले नाचगान गरेमा सिधा स्वर्ग पुग्नेछौ' भनी वरदान दिएका थिए । त्यसैबेलादेखि यो पितरा पर्वको संस्कृति सुरुआत भएको सुन्दै आएको स्थानीय माझीहरू बताउँछन् ।

यस पर्वको चलन पनि अनौठो खालको छ । यस पर्व माझी समुदायको परम्परा नै भए पनि सबैले मनाउनु भने पर्दैन । वर्षभरिमा जसको घरका आफन्तको निधन भएको छ, त्यही घरबाट 'पितरा' निकालिन्छ । यदि त्यो वर्ष गाउँमा कसैको निधन भएन भने त्यस वर्ष पितरा निकाल्नु अनिवार्य नभएको स्थानीय राजकुमार माझीले बताउनुहुन्छ । उहाँका अनुसार पर्वको परम्पराअनुसार तिहारको भाइटीकाको भोलिपल्ट कसैको निधन भएमा उसको परिवारले आउँदो वर्षको विजयादशमीको भोलिपल्टसम्म 'जुठो' बार्नुपर्छ भने विजयादशमीको भोलिपल्टदेखि भाइटीकाको दिनसम्म मरेकाको त्यही वर्ष एक वर्षभरिको काम सकिन्छ ।

नेवार समुदायको गाईजात्रा परम्पराझैँ झल्कने भए पनि पितरापर्व फरक संस्कृति-रीति भएको बताइन्छ । स्थानीय ध्रुव माझीका अनुसार पितरा निकाल्ने अघिल्लो दिनदेखि नै केही विधि पुऱ्याई पितृहरूलाई निमन्त्रणा गर्न उनीहरूलाई विभिन्न बाहनमा चढेर आऊन् भनी घरको भित्तामा हात्ती, घोडा, सिपाही, घोरल, मोटर, हवाईजहाजलगायतका सवारी साधनहरूको चित्र कोरिन्छ । मृतात्मा तीनै सवारीसाधनहरूमा चढेर आउँछन् भन्ने जनविश्वासअनुसार महिला मरेको भए महिलाकै र पुरुष मरेको भए पुरुषले लगाउने लुगा आकृति पनि कोरिएको हुन्छ । पर्व मनाउने क्रममा कुनै एक व्यक्तिले 'मरेको अभिनय' पनि गर्ने गर्छन् ।

पितरा निकालेको दिन बेलुकाबाट भोलिपल्टको उज्यालो नहुँदै कसैले नदेख्ने गरी उक्त आकृति मेटाइसक्नु पर्ने परम्परा रहँदै आएको छ । पितरा निकाल्ने दिन 'मूल भोटे' ले यसको सुरुआत गर्ने अरूले अन्य काममा सहयोग गर्ने गर्दछन् । यस कार्यका लागि माझीकै दुई बालिकालाई पुरोहितका रूपमा पुजिन्छ । उनीहरूलाई अन्य समुदायका व्यक्तिले छुन नहुने र यदि कसैले छोएमा तिनीहरूको मृत्युसम्म हुने मान्यता पनि रहिआएको छ ।

पर्वका क्रममा मूलभोटेले दुई 'गुरुङ' को छनोट गरी उनीहरूकै साथमा अन्य मृतात्मालाई बोलाउँदै नदीसम्म जाने र यस क्रममा विभिन्न देशभक्ति झल्काउने र दुःखसुखका गीतहरू गाउने प्रचलन रहेको छ । बाटो मर्मत र सफा गर्दै पुनःघरमा फर्केर मृतकको के इच्छा छ त्यो 'बकाउन' विभिन्न तन्त्रमन्त्रबाट मृतकको परिवारकै सल्लाहअनुसार परिवारले यदी चाहेमा मात्र आत्मालाई बोलाउने गरिएको माझीले बताउनुहुन्छ ।

पर्वका दिन र रातभर विभिन्न भजन गाउँदै नाच पनि गरिन्छ । भोलिपल्ट सबेरै नदीमा लगेर सेलाएपछि विधिअनुसारको तीन दिनको पितरा पर्वको समापन हुन्छ । यस पर्व मनाएपछि मरेका आफन्तको आत्मा कहिल्यै फर्केर नआओस् र बाँचेकालाई कुनै किसिमको 'विघ्नबाधा' नआउने मान्यता रहेको छ । कुनै वर्ष गाउँमा पितरा निकाल्नु परेन भने पनि माझीहरू खुसीसाथ दसैँ मनाउने गरेको अनुभव सुनाउँछन् । *रासस*

## आँबुखैरेनीमा सडक, खानेपानी र भवन निर्माणलाई प्राथमिकता

दमौली (तनहुँ), १ कार्तिक । आँबुखैरेनी गाउँपालिकाले सडक, खानेपानी, सडक किनारमा वर्षाको पानी निकासको व्यवस्था तथा भवन निर्माणलाई प्राथमिकता दिँदै पूर्वाधार विकासका काम अघि बढाएको छ ।

गाउँपालिकाले गत आर्थिक वर्षदेखि सडक ढलान, कालोपत्र, नयाँ सडकको ट्र्याक निर्माण तथा खानेपानी पाइपलाइन विस्तारलगायत कामलाई पहिलो प्राथमिकतामा राखेको छ ।

गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत विकासचन्द्र शर्माका अनुसार उक्त अवधिमा चार हजार ९१८ मिटर सडक ढलान, एक हजार २६४ मिटर सडक कालोपत्र र ८८१ मिटर नाली निर्माण भएको छ । यसैगरी, तीन हजार ५५४ मिटर नयाँ सडकको ट्र्याक खोलिएको छ ।

खानेपानीतर्फ आठ हजार ५०० मिटर नयाँ पाइपलाइन विस्तार गर्नुका साथै चारवटा सार्वजनिक धारा निर्माण गरिएको शर्माले जानकारी दिनुभयो । गाउँपालिकाले एक हजार ६०० मिटर सडक मर्मत तथा सम्भार गरेको छ ।

सेवा प्रवाहका लागि आवश्यक भौतिक संरचना निर्माण तथा मर्मतलाई पनि गाउँपालिकाले प्राथमिकता दिएको छ । यस अवधिमा दुईवटा नयाँ भवन निर्माण र सातवटा भवन मर्मत गरिएको प्रमुख प्रशासकीय अधिकृत शर्माले बताउनुभयो ।

**पाँच ठूला आयोजना प्राथमिकतामा**

गाउँपालिकाले ग्रामीण बस्तीलाई मुख्य सडक सञ्जालसँग जोड्ने उद्देश्यले पाँचवटा ठूला पूर्वाधार आयोजनालाई प्राथमिकता दिएको छ । लाब्दी बुद्धसिंह राजमार्ग जोड्ने सडक आयोजनाअन्तर्गत एक हजार ८०८ मिटर सडक निर्माण गरिएको छ । खानीखोला- रिङरोड आयोजना अन्तर्गत एक हजार ३३६ मिटर सडक पनि बनेको छ ।

यसैगरी लाब्दी-छिम्केश्वरी सडक स्तरोन्नति आयोजनाअन्तर्गत १५८ मिटर, कुसुमबारी-पौवा खोलागाउँ सडक ढलान आयोजनाको ५६० मिटर र भुजेलगाउँ पूर्वाधार निर्माण योजनाको ४१४ मिटर सडक निर्माण भएको छ । *रासस*

# कालीगण्डकी करिडोर प्रसारण लाइन सञ्चालनमा पाँच आयोजनाको विद्युत् राष्ट्रिय प्रणालीमा

काठमाडौँ, १ कार्तिक । बाढीपहिरो र कालीगण्डकी कटानका कारण क्षतिग्रस्त कालीगण्डकी करिडोर २२० केभी प्रसारण लाइनको म्याग्दीस्थित दाना-राहुघाट खण्ड २१ दिनपछि पुनः सञ्चालनमा आएको छ ।

नेपाल विद्युत् प्राधिकरणले आपत्कालीन पुनःस्थापना प्रणाली ( ईआरएस) टावर प्रयोग गरी उक्त खण्डलाई अस्थायी रूपमा सञ्चालनमा ल्याएको हो । गए रातिदेखि प्रसारण लाइनको एउटा सर्किट चार्ज गरी सञ्चालनमा ल्याइएको प्राधिकरणले जनाएको छ ।

बाढीले म्याग्दीको अन्नपूर्ण गाउँपालिका-६, पोखरेबगरस्थित प्रसारण लाइनका चारवटा टावरमा क्षति पुऱ्याएको थियो । तीमध्ये टावर नम्बर २१, २३ र २४ पूर्ण रूपमा क्षतिग्रस्त भएका थिए भने टावर नम्बर २२ मा आंशिक क्षति पुगेको थियो ।

प्रसारण लाइन अवरुद्ध हुँदा दाना सबस्टेसनमार्फत राष्ट्रिय प्रसारण प्रणालीमा जोडिएका निजी क्षेत्रका पाँच जलविद्युत् आयोजनाबाट उत्पादित कुल १७० मेगावाट विद्युत् प्रणालीमा प्रवाह हुन सकेको थिएन । प्रसारण लाइन पुनः सञ्चालनमा आएसँगै ती आयोजनाबाट उत्पादित विद्युत् राष्ट्रिय प्रसारण प्रणालीमा जोडिएको छ ।

कालीगण्डकी र यसका सहायक नदीमा निर्माण हुने जलविद्युत् आयोजनाबाट उत्पादित विद्युत् एकीकृत गरी राष्ट्रिय प्रसारण प्रणालीमा प्रवाह गर्ने उद्देश्यले कालीगण्डकी करिडोर २२० केभी डबल सर्किट प्रसारण लाइन निर्माण गरिएको हो ।

म्याग्दीको अन्नपूर्ण गाउँपालिका-३ स्थित दाना सबस्टेसनबाट सुरु भई पर्वत, बागलुङ, स्याङ्जा, पाल्पा र रूपन्देही हुँदै नवलपरासी (बर्दघाट सुस्ता पश्चिम) को सुनवल नगरपालिका-१३ स्थित नयाँ बुटवल सबस्टेसनसम्म पुग्ने यस प्रसारण लाइनको कुल लम्बाइ करिब १३० किलोमिटर छ । यस प्रसारण लाइनको विद्युत् प्रवाह क्षमता एक हजार २०० मेगावाट छ । *रासस*

। सम्पादकीय ।

# रास्वपा सरकारमा सुशासन छैन, घुस काण्ड बढ्यो !

नेपाल लगानी बोर्ड विदेशीको हितमा गठन गरिएको यथार्थ पुष्टि हुँदै आएको छ । नेका, एमाले, तत्कालीन माओवादीले यो बोर्ड गठनसम्बन्धी संसद्बाट पारित गरेको बेला नेमकिपाले विरोध गरेको थियो । यो बोर्डको कार्य क्षेत्रमा नेपालको जल, जमिन, जङ्गल, खनिज असीमित समयको लागि विदेशीलाई दिने प्रावधान रहेको छ । यो प्रावधानले विदेशीको सेवा गर्ने प्रस्ट गर्छ ।

यतिबेला रास्वपा सरकारले बोर्डको कार्यकारी प्रमुखमा याङ्की उक्यावलाई नियुक्ति गरेको छ । एचटीपी खबर पत्रकार दिवाकर साहले उक्यावको कार्यालयमा टेबुलमुनि जलविद्युत् परियोजनाका मालिकहरूले रक्सीलगायत उपहार छोडेको फेला पारे । बोर्डका केही व्यक्तिहरूले पत्रकार साहलाई प्रहरी बोलाएर छानबिन गर्नुपर्ने धम्कीसमेत दिएको सञ्चारमाध्यममा सुनिन्छ । रास्वपा सरकारको सुशासन खस्कँदै गएको एकपछि अर्को घटनाबाट पुष्टि भइरहेको छ ।

अर्को एउटा सञ्चारमाध्यमले नेपाली सेनामा दुईपटक र भारतीय सेनामा एकपटक भर्ना असफल भएपछि अञ्जल सुवेदी नामका व्यक्ति घुस खुवाएर नेपाली सेनामा भर्ती भएको र त्यसरी नै घुस उठाएर पाँचपटक सेनामा भर्ती गराएको बोलेको सार्वजनिक भयो । उनले घुस उठाएको रकम काठमाडौँका बलराम ढकाल र अर्जुन भन्नेलाई बुझाउनुपर्ने बताएको पनि सो सञ्चारमाध्यममा सार्वजनिक भयो । सेनामै कार्यरत भनिएको घुस उठाउने व्यक्तिलाई कास्की प्रहरीले पक्राउ गरेको पनि सार्वजनिक भयो । रास्वपा सरकारको सुशासन सैनिक भर्तीमा पनि खुस्किने त होइन ?

निजामती, प्रहरी, सेनाको भर्तीमा अनियमितताबारे बरोबर प्रश्न नउठेको होइन । यसअगाडि नेका, एमाले, तत्कालीन माओवादी सरकारले यो घुस काण्डलाई रोक्न सकेनन् भने यतिबेला रास्वपा सरकारमा जतातत्तै घुस काण्ड चर्किरहेको सार्वजनिक भइरहेको छ । लोक सेवा आयोगबाट कर्मचारी छनौटमा पनि यसरी नै घुस चल्ने यस अगाडि सार्वजनिक भएको हो । सरकारमा गएकाहरूले मुख्य मुख्य पदमा आफ्ना मान्छेलाई नियुक्ति दिई जानाजान घुस उठाउन लगाएको त होइन ?

केही विश्लेषकहरू रास्वपा सांसद भएकाहरू प्रहरीको जागिर खान नसकेकाहरूसमेत भएको सार्वजनिक गर्दै छन् । तराई-मधेसमा जसपामा उम्मेदवार मागेका र नपाएपछि रास्वपामा गएर सबका सब सांसद भएको एक विश्लेषकले बताए । हिजो नेका, एमाले, तत्कालीन माओवादीका यसरी सांसद हुँदा मोटाएको होइन सुन्निएको टिप्पणी भएको थियो । यतिबेला रास्वपा पनि सुन्निएको अवस्थामा पुगेको बताइयो ।

पत्रकार पद्म ठकुराठीले नेपालमा पहिलो पटक हेरोइन लागूपदार्थ भित्र्याउनेमा राजदरबारका हर्ताकर्ता नै भएको बताए । राजदरबारका कतिपय विदेश भ्रमणमा जाँदा झोलाफिम्टी परीक्षण गरिँदैनथ्यो । कानुनमा यस्तो प्रावधान हुँदा राजदरबारकालाई गलत कारोबार गर्न सजिलो भएको थियो । हिजो सरकारमा हुँदा नेका, एमाले, तत्कालीन माओवादीले यस्तै गलत कामलाई प्रश्रय दिए भने यतिबेला रास्वपा गलत काममा लागिरहेको त होइन ?

रास्वपाले १३ मन्त्रालय १०० दिन चलाएर नमुना सरकार देखाउने बताएको थियो । सरकारमा पुगेको ७ महिनापछि पनि रास्वपाले जनताको हितमा केही गर्न सकेन । रास्वपाका प्रधानमन्त्री र मन्त्रीहरूले सल्लाहकारको भिड पालेर बजेट दुरूपयोग गरेको सार्वजनिक भयो । नेका, एमाले, तत्कालीन माओवादीका सरकारको बेला जता हेरे पनि चोरै चोरजस्तो लागेको रास्वपाहरूलाई यतिबेला आफ्नो सरकार युवाको नाममा जतातत्तै असफल भइरहेको छ । रास्वपा सरकारले देशको घाँटी अनुमान गर्न नसकेको टिप्पणी छ ।

# अमेरिकीहरू लङ मार्चमा आउँदै छन् - स्वागत छ !

अमेरिकी युद्धविरोधी कार्यकर्ताहरूको एउटा समूह हालै लङ मार्च गर्दै चीन आएको छ । अमेरिकी युद्धविरोधी सङ्गठन कोड पिंक (CODEPINK) ले यो महिना आधिकारिक रूपमा साङ्घाई, चोङकिङ, जुनी, लुसाङगुआन, माओताई र गुइयाङ हुँदै चीनको १२ दिने भ्रमण सुरु गरेको घोषणा गरेको छ । समूहका सदस्यहरूले उनीहरू दुवैले लाल स्मारक र इतिहास सङ्ग्रहालयलगायत चीनको क्रान्तिकारी इतिहाससँग सम्बन्धित साइटहरू भ्रमण गर्न र चीनको उच्च प्रविधि पूर्वाधार, समसामयिक विकास उपलब्धिहरू र ग्रामीण पुनरुत्थानलाई प्रत्यक्ष रूपमा हेर्न चाहेको बताए ।

धेरैपटक निराशाजनक परिस्थितिमा आफूलाई भेट्टाउने गरिब सुसज्जित मानिसहरूको समूह किन अन्ततः घेराबाट बाहिर निस्कन र



चीनको भाग्यलाई गहिरो रूपमा परिवर्तन गर्न सक्षम भए ? चिनियाँ जनताले मात्र जवाफ खोजिरहेका छैनन्; यो प्रश्नले धेरै विदेशीहरूलाई आकर्षित गरिरहेको छ । यस वर्षको मध्यमा, बेलायती ट्राभल यु ट्युबर माइक ओके, जसका १० लाखभन्दा बढी फलोअरहरू छन् र उनका अमेरिकी साथी कोनर 'लुसान पास विजय' को इमर्सिभ अन-साइट अनुभवमा भाग लिन जुनी आए । उनीहरूले आफूलाई लाल सेनाको पोशाकमा परिवर्तन गरेको भिडियो पोस्ट गरेपछि, यसले तुरुन्तै चर्को बहस सुरु गऱ्यो, धेरै विदेशी नेटिजनसहरूले उनीहरू कसरी जान सक्छन् र आफैं अनुभव गर्न सक्छन् भनेर टिप्पणीहरू छोडेका छन् । लाउसानगानको लोकप्रियता एक अलग मामला होइन । २०२५ मा चिनियाँ कम्युनिस्ट पार्टीको पहिलो राष्ट्रिय काङ्ग्रेसको स्मारकले चिनियाँ मुख्यभूमि बाहिरबाट फन्डै १००,००० आगन्तुकहरू आए, जुन एक उच्च रेकर्ड थियो । यस वर्षको मेमा जारी गरिएको विशेष सर्वेक्षण तथ्याङ्कले देखाएको छ कि अमेरिकी पर्यटकहरूले सबै विदेशी आगन्तुकहरूको ११.१७ प्रतिशत हिस्सा ओगटेका छन्, जुन सबै देशहरूमा पहिलो स्थानमा छन् । तीमध्ये १५ देखि ३४ वर्ष उमेर समूहका युवाहरूले ५९.१२ प्रतिशत, स्नातक वा सोभन्दा माथिको उपाधि हासिल गरेका आगन्तुकको ७४.७६ प्रतिशत र ६० प्रतिशतभन्दा बढीले पहिलोपटक चीन भ्रमण गरेका थिए ।

यो वर्ष लङ मार्चको विजयको ९० औं वार्षिकोत्सव हो । कोड पिंकका सदस्यहरू, माइक र कोनरजस्ता विदेशी साथीहरूले यस क्षणमा लङ मार्च अप क्लोजको बारेमा जान्न र अनुभव गर्न चीन भ्रमण गर्न छनौट गर्नुलाई संयोग भन्न मिल्दैन । लङ मार्चलाई मानव इतिहासमा ठूलो उपलब्धिको रूपमा मान्यता दिइन्छ । यसले विश्व सैन्य इतिहास र मानव आत्माको इतिहास दुवैमा अमिट छाप छोडेको छ । चीनको विकासको पछाडिको संहिता बुझ्न चाहने विदेशीहरूका लागि लङ मार्च एउटा कुञ्जी हो ।

एक शताब्दीभन्दा बढी समय लाग्ने औद्योगीकरण प्रक्रियालाई केही दशकमा पूरा गर्न र करोडौं मानिसहरूलाई पूर्ण गरिबीबाट बाहिर निकाल्नको लागि एउटा देशलाई केले सक्षम बनायो ? यो ठ्याक्कै 'लङ मार्चको परीक्षणबाट डराउँदैन लाल सेना' को भावना र हिउँले ढाकिएको पहाडहरू चढ्दा र सिमसारहरू पार गर्दा पनि रोक्न अस्वीकार गर्ने लचिलोपन थियो । केही अफ्रिकी विद्वानहरूले धेरै विकासोन्मुख देशहरूमा चीनको विकास मोडेलको आकर्षणको पछाडिको मुख्य शब्द 'स्थिरता' हो र यस दीर्घकालीन स्थायित्वको पछाडि सम्पूर्ण जनताको साझा लक्ष्यहरूप्रति उच्चस्तरको पहिचान र निरन्तर प्रतिबद्धता रहेको औँल्याएका छन् । "एकपटक दिशा तय भएपछि, एक पटकमा एक कदम चाल्नुहोस्" को यो भावना वास्तवमा सबैभन्दा गहिरो आध्यात्मिक विरासतहरूमध्ये एक हो जुन लङ मार्चले समकालीन चीनलाई छोडेको छ ।

'लङ मार्च रुट हिँड्न' चीन आउने विदेशी साथीहरूलाई स्वागत छ । नब्बे वर्षअघि रातो सेनाले आधाभन्दा बढी चीनलाई आफ्नो खुट्टाले नाप्यो र क्रान्तिको फिल्कालाई सबैभन्दा दुर्गम कुनामा फैलायो । नब्बे वर्षपछि, 'चीन किन सफल हुन सक्छ' भनेर अन्वेषण गर्न संसारभरका धेरैभन्दा धेरै मानिसहरू 'पृथ्वीको रातो रिबन' लाई पछ्याउँदै छन् र यो प्रश्नको जवाफ लङ मार्च मार्गमा छ ।

- ग्लोबल टाइम्स

# शक्ति र आडम्बरको होइन असल राजनीति आवश्यक

असोज शुक्ल प्रतिपदादेखि पूर्णिमासम्म मनाइने बडा दसैं सामाजिक एवम् सांस्कृतिक पर्व हो । शरद् ऋतुको आगमनसँगै भित्रिएको दसैं असत्यमाथि सत्यको विजयको दिनको रूपमा मनाइँदै छ । देवी दुर्गाले नौ दिन नौ रातसम्म भिषण युद्ध गरी शक्तिशाली असुर महिषासुरलाई बध गरेको घटनाको आधारमा दसैं मनाउने परम्परा रहेको जनस्रुति छ । यसले शक्तिको आडमा अहङ्कारी हुनुहुँदैन भन्ने सन्देश छर्छ । शक्तिको मातमा लागेका दम्भकारीहरू एक दिन अवश्य नास हुन्छन् भन्ने पौराणिक कथाले बताउँछ । यहीं कारण असल कर्म गर्नुपर्छ; निःस्वार्थ भावले मानव कल्याण गर्नुपर्छ भनिएको हो । असल कर्मले विश्वास बढाउँछ; अरुलाई इमानदारीपूर्वक काम गराउनको निम्ति प्रेरणा दिन्छ । यसले समाज सेवा गर्न आत्मबल बढाउँछ । यसैले शक्ति र आडम्बरको राजनीति होइन असल राजनीति आवश्यक छ ।

दल या समूह जतिसुकै ठूलो, शक्तिशाली भए पनि सिद्धान्त र विचारबिना त्यसले देशलाई दिशानिर्देश गर्न सक्दैन; न मार्गनिर्देश नै गर्नसक्छ । त्यस्तो दलमा आबद्ध नेता, मन्त्री र सांसदहरूको विचार पनि 'कुण्ड कुण्ड पानी मुन्द मुन्द बुद्धि' भनेझैं नौ जनाको नौ थरी हुन्छ । यहीं कारण रास्वपाले आफ्ना पार्टीका युवा नेता, मन्त्री र सांसदहरूलाई ठाउँमा राख्न सकेको छैन । उनीहरूलाई नियन्त्रण गर्न कठिनाइ भइरहेको छ । रास्वपाका सांसदहरूको बोलीको कुनै ठेगान छैन । जहाँ पुगे पनि जहाँ गए पनि अस्थिर मनका व्यक्तिले झैं टेबुल ठोक्ने, चिच्याउने, मनपरी बोलेर तर्साउने काम गरिरहेको सबैले देखेकै र भोगेकै छन् ।

प्राकृतिक विपद् तथा अन्य कठिनाइका कारण दसैंलाई खर्चिलो र भड्किलो बनाउन नहुने विश्लेषण पनि छ । दसैंको एउटा विशेषता परिवारका सदस्यहरूबिच हुने भेटघाटको अवसर पनि हो । यो साथीभाइ तथा मान्यजनबिच सद्भाव कायम गर्ने, शुभकामना आदानप्रदान गर्ने, मान्यजनप्रति आदर गर्ने, सानाप्रति माया गर्ने, आपसी कटुता बिर्सेर सद्भाव बाँड्ने पर्व पनि हो । जमरा राख्नु र धानबाली भित्र्याउनु प्रकृतिको उपहारलाई आत्मसात गर्नु हो । बिहान विभिन्न खोलामा स्नान गर्ने र बेलुका विभिन्न देवताको स्मरण गर्ने यो पर्वमा बिहान र बेलुका बाजागाजाको वातावरणले सङ्गीतमय हुन्छ ।

हो, हामीले आफूभित्रको दुर्गालाई चिन्नुपर्छ; शिक्षा र सीपमा लगानी गर्नुपर्छ । अन्यायको विरोध गर्नैपर्छ । शोषण र दमनको प्रतिकार गर्नुपर्छ । शक्ति (बल) को अहङ्कारको विरोध गर्नैपर्छ । कुनै दल शक्तिशाली हुनुको अर्थ कसैलाई अपमान गर्नु होइन; हेलाहोचो गर्नु होइन; दमन गर्नु होइन । कुनै नागरिक लोभमा फसेर कुनै दलको पछाडि दगुर्ने होइन । कुनै दल शक्तिशाली या सरकारमा हुँदैमा त्यो दल र सरकार सही हुन्छ; बहुमत जनताको प्रतिनिधित्व गर्छ भन्ने होइन ।

देशमा परिवर्तनको निम्ति लड्नुपर्ने युवाहरूको विदेश पलायन घटेको छैन । सिद्धान्तनिष्ठ र पढे लेखेका युवाहरूको कमीले देशमा उत्पात हुनसक्छ । उत्पात मच्चाउने युवाहरूलाई देशभक्त, अनुशासित र चरित्रवान् युवाहरूले नियन्त्रण गर्नुपर्ने हुन्छ । यसकारण, हरेक बस्ती, गाउँ र टोल-टोलका मानिसहरूको मन स्वच्छ हुनुपर्छ । व्यावहारिक र सिद्धान्तनिष्ठ कुरा जनतासमक्ष पुऱ्याउनुपर्छ । समाजमा सबैले अनुशासनको पाठ पढाउनुपर्छ । लोभ, अहङ्कार, हीनताबोध, असहिष्णुता त्याग्नुपर्छ । युवाहरू खुसीले कामको खोजीमा विदेशमा त जान्छन् तर उनीहरूले त्यहाँ भोगेको दीन दशाबारे चाल पाउँदैनन् । विदेशमा रोजगारीमा गएका श्रमिक महिलाले भोगेको शोषणको हामी वास्ता गर्दैनौं ।

यो दसैंले गोली चलाएर हत्या गर्ने, तोडफोड र आगजनी गरेर देशको सम्पत्ति खरानी गर्नेहरूमाथि निःसङ्कोच कारबाही गर्ने प्रक्रिया अघि बढाउने प्रेरणा सरकारले प्रदान गरोस् । सरकारको अपरिपक्व र अदूरदर्शी निर्णय गरेर जनतालाई आक्रोशित र आन्दोलित बनाउने सन्देश सरकारले नछरोस् । हरेक दिन विदेसिरहेका हजारौं युवालाई स्वदेशमै रोजगारको व्यवस्था गर्ने वातावरण सरकारले तयार गरोस् । रेमिट्यान्सलाई देशको अर्थतन्त्रको मेरुदण्ड बनाउने अवधारणा सरकारले त्यागोस् । देशमा व्याप्त भ्रष्टाचार, कुरीति, कुशासन अन्त्य गर्न सरकारले पाइला चालोस् । विदेश पलायनको चक्रमा फसेको युवाको लागि सचेत पार्ने बुद्धि सरकारमा पलाओस् । आन्दोलनको नाउँमा कुनै पनि धरोहरमा तोडफोड गर्ने र आगजनी गर्ने काम नगरोस् भन्ने सद्बुद्धि सबैमा होस् । हरेकले सद्बुद्धि पुऱ्याएर देशमा अमनचयन गर्ने, शान्ति र सुरक्षाको सन्देश छर्ने काममा सबैको ध्यान पुगोस् । सरकार र सत्तासीन दलका नेता र मन्त्रीहरूमा सद्बुद्धि पलाओस् । दसैं बिदाको समयलाई सबैले रचनात्मक काममा लगाऊन् । दसैंको यही शुभकामना छ ।

# सन् २०२६ को अर्थशास्त्रको नोबेल पुरस्कार र वर्तमान नेपाली सन्दर्भ

✍ राजन

***हलको अनुसन्धानले मानिसहरूले आज गर्ने उपभोगसम्बन्धी निर्णय भविष्यमा हुने आम्दानीप्रतिको अपेक्षाबाट प्रभावित हुने देखाउँछ भने उडफोर्डको अनुसन्धानले भविष्यको ब्याजदर र मौद्रिक नीतिबारे मानिसहरूको अपेक्षाले वर्तमान आर्थिक निर्णयमा महत्त्वपूर्ण भूमिका खेल्ने स्पष्ट पार्छ।***

अर्थतन्त्रको अध्ययन गर्दा हामी प्रायः ब्याजदर, आम्दानी, रोजगारी, मूल्यवृद्धि र उत्पादनजस्ता सूचकहरूमा ध्यान दिन्छौँ। तर, मानिसहरूले भविष्यमा के होला भनेर कस्तो अपेक्षा गरेका छन् भन्ने कुराले पनि उनीहरूको वर्तमान आर्थिक निर्णयमा महत्त्वपूर्ण भूमिका खेल्छ।

उदाहरणका लागि, बैङ्कको ब्याजदर घट्यो भने सामान्यतया ऋण लिन सस्तो हुन्छ। त्यसैले, व्यवसायीहरूले ऋण लिएर उद्योग खोल्ने, होटल विस्तार गर्ने वा नयाँ व्यवसायमा लगानी गर्ने अपेक्षा गर्छन्। तर, भविष्यमा बजारमा ग्राहक पाइन्छन् कि पाइँदैनन्, नाफा हुन्छ कि हुँदैन र आर्थिक तथा राजनीतिक अवस्था कस्तो रहन्छ भन्नेबारे विश्वास कमजोर छ भने सस्तो ऋण उपलब्ध हुँदा पनि उनीहरू लगानी गर्न हिच्किचाउन सक्छन्।

***यसबाट एउटा महत्त्वपूर्ण आर्थिक पाठ सिक्न सकिन्छ - मानिसहरूले आज के गर्छन् भन्ने कुरा उनीहरूको वर्तमान अवस्थाले मात्र होइन, भविष्यमा के होला भन्ने अपेक्षाले पनि निर्धारण गर्छ। नेपालको वर्तमान अवस्थालाई हेरौँ। बैङ्कको ब्याजदर घटेको छ र बैङ्कहरूमा लगानीयोग्य रकम पर्याप्त छ। सामान्यतया यस्तो अवस्थामा निजी लगानी बढ्नुपर्ने हो। तर, कर्जाको माग अपेक्षाअनुसार बढ्न सकेको छैन। यसको एउटा सम्भावित कारण व्यवसायीहरूमा भविष्यको माग, नाफा र लगानीको प्रतिफलबारे रहेको अनिश्चितता हुन सक्छ।***



नेपालको वर्तमान अवस्थालाई बुझ्न यो विचार उपयोगी छ। विश्व बैङ्कको सन् २०२६ को नेपाल विकाससम्बन्धी प्रतिवेदनले ऐतिहासिक रूपमा कम ब्याजदर र पर्याप्त तरलता हुँदाहुँदै पनि निजी क्षेत्रको कर्जा विस्तार कमजोर रहेको उल्लेख गरेको छ। यसले घरेलु मागको कमजोरी पनि देखाउँछ। यसबाट एउटा महत्त्वपूर्ण प्रश्न उठ्छ : अर्थतन्त्रमा पैसा उपलब्ध हुनु मात्र पर्याप्त हो कि मानिसहरूमा भविष्यप्रति विश्वास हुनु पनि आवश्यक छ ?

**नोबेल पुरस्कार प्राप्त अर्थशास्त्रीहरूको योगदान**

यस विषयलाई बुझ्नको लागि यस वर्षको नोबेल पुरस्कार पाउने दुई महत्त्वपूर्ण आर्थिक सिद्धान्तले योगदान गरेका छन्।

सन् २०२६ मा अर्थशास्त्रतर्फको नोबेल पुरस्कार Robert E. Hall/Michael Woodford लाई समष्टिगत आर्थिक स्थिरता कायम गर्ने विषयमा गरेको योगदानका लागि प्रदान गरियो। हलको अनुसन्धानले मानिसहरूले आज गर्ने उपभोगसम्बन्धी निर्णय भविष्यमा हुने आम्दानीप्रतिको अपेक्षाबाट प्रभावित हुने देखाउँछ भने उडफोर्डको अनुसन्धानले भविष्यको ब्याजदर र मौद्रिक नीतिबारे मानिसहरूको अपेक्षाले वर्तमान आर्थिक निर्णयमा महत्त्वपूर्ण भूमिका खेल्ने स्पष्ट पार्छ। यी विचारलाई नेपालको वर्तमान आर्थिक अवस्थासँग जोडेर हेर्दा, ब्याजदर कम हुँदैमा निजी क्षेत्रको लगानी र कर्जा माग बढिहाल्छ भन्ने हुँदैन। यदि व्यवसायीहरूले भविष्यमा बजारको माग कमजोर हुने वा नाफा कम हुने अपेक्षा गरेका छन् भने सस्तो ब्याजदर हुँदाहुँदै पनि उनीहरू ऋण लिएर लगानी गर्न हिच्किचाउन सक्छन्। यसले अर्थतन्त्रमा भविष्यप्रतिको अपेक्षा र विश्वास आर्थिक गतिविधिका महत्त्वपूर्ण चालक हुन् भन्ने देखाउँछ।

यसबाट एउटा महत्त्वपूर्ण आर्थिक पाठ सिक्न सकिन्छ - मानिसहरूले आज के गर्छन् भन्ने कुरा उनीहरूको वर्तमान अवस्थाले मात्र होइन, भविष्यमा के होला भन्ने अपेक्षाले पनि निर्धारण गर्छ। नेपालको वर्तमान अवस्थालाई हेरौँ। बैङ्कको ब्याजदर घटेको छ र बैङ्कहरूमा लगानीयोग्य रकम पर्याप्त छ। सामान्यतया यस्तो अवस्थामा निजी लगानी बढ्नुपर्ने हो। तर, कर्जाको माग अपेक्षाअनुसार बढ्न सकेको छैन। यसको एउटा सम्भावित कारण व्यवसायीहरूमा भविष्यको माग, नाफा र लगानीको प्रतिफलबारे रहेको अनिश्चितता हुन सक्छ। यसैले, नेपालको अर्थतन्त्र बुझ्न ब्याजदर र तरलताको उपलब्धता मात्र होइन, लगानीकर्ता र उपभोक्ताको भविष्यप्रतिको अपेक्षा तथा विश्वासलाई पनि अध्ययन गर्नु आवश्यक छ।

**आशावादी र निराशावादी अपेक्षाले अर्थतन्त्रमा पार्ने प्रभाव**

आशावादी अपेक्षा (Optimistic Expectations) भन्नाले भविष्यमा आम्दानी, रोजगारी, बिक्री वा नाफा राम्रो हुने विश्वास गर्नु हो। मानौँ, पोखराका एक होटल व्यवसायीलाई आगामी वर्ष पर्यटकको सङ्ख्या बढ्ने विश्वास छ। उनी बैङ्कबाट ऋण लिएर नयाँ कोठा थप्न सक्छन्। त्यसबाट निर्माण क्षेत्रमा रोजगारी सिर्जना हुन सक्छ, होटलमा कामदार थपिन सक्छन् र स्थानीय किसानले होटललाई बढी तरकारी तथा खाद्यान्न बेच्न सक्छन्। यसरी एउटा व्यवसायीको भविष्यप्रतिको विश्वासले अन्य आर्थिक गतिविधिलाई पनि प्रोत्साहित गर्न सक्छ। यसको विपरीत, निराशावादी अपेक्षा (Pessimistic Expectations) भन्नाले भविष्यमा आम्दानी, बिक्री वा नाफा घट्न सक्ने डर हुनु हो। यदि त्यही होटल व्यवसायीलाई पर्यटक नआउने र ऋण तिर्न कठिन हुने डर भयो भने उनले होटल विस्तार गर्ने योजना स्थगित गर्न सक्छन्। बैङ्कले सस्तो ब्याजदरमा ऋण दिन तयार भए पनि उनी ऋण लिन इच्छुक नहुन सक्छन्। यही कुरा हजारौँ व्यवसायीले एकैपटक गरे भने निजी लगानी, रोजगारी र आर्थिक गतिविधि कमजोर हुन सक्छन्।

**नेपालको वर्तमान अवस्था : ब्याजदर कम छ, तर कर्जा माग किन कमजोर छ ?**

नेपालको सन्दर्भमा यो सिद्धान्त अझ स्पष्ट हुन्छ। सामान्यतया ब्याजदर घटेपछि ऋण लिन सस्तो हुन्छ र लगानी बढ्ने अपेक्षा गरिन्छ। तर, सन् २०२६ का प्रतिवेदनहरूले नेपालमा कम ब्याजदर र पर्याप्त बैङ्किङ तरलता हुँदाहुँदै पनि निजी क्षेत्रको कर्जा विस्तार कमजोर रहेको देखाएका छन्।

यसलाई एउटा उदाहरणबाट बुझौँ। मानौँ, काठमाडौँका एक व्यवसायीसँग रु. २ करोड लगानी गरेर नयाँ उद्योग खोल्ने योजना छ। पहिले बैङ्कको ब्याजदर उच्च हुँदा ऋण लिन महँगो पर्थ्यो। अहिले ब्याजदर घटेको छ, त्यसैले ऋण लिने लागत कम भएको छ।

तर, व्यवसायीले निम्न प्रश्नहरूमा चिन्ता गर्न सक्छ :



Robert E. Hall
Nobel Prize in Economic Sciences
(2026)

Michael Woodford
Nobel Prize in Economic Sciences
(2026)

Robert E. Hall अमेरिकी अर्थशास्त्री तथा Stanford University का प्राध्यापक (Emeritus) हुन्। उनको अनुसन्धानले मानिसहरूले वर्तमानमा गर्ने उपभोगसम्बन्धी निर्णय भविष्यमा प्राप्त हुने आम्दानीप्रतिको अपेक्षाबाट कसरी प्रभावित हुन्छ भन्ने विषयलाई स्पष्ट पारेको छ। उनको कामले उपभोग, आर्थिक मन्दी र समग्र आर्थिक गतिविधि बुझ्न महत्त्वपूर्ण योगदान दिएको छ।

Michael Woodford अमेरिकी अर्थशास्त्री तथा Columbia University मा Political Economy का प्राध्यापक हुन्। उनको अनुसन्धानले ब्याजदर, भविष्यको मौद्रिक नीति र त्यसबारे जनताको अपेक्षाले मुद्रास्फीति तथा आर्थिक गतिविधिमा कसरी प्रभाव पार्छ भन्ने विषयमा महत्त्वपूर्ण व्याख्या गरेको छ। उनको काम आधुनिक मौद्रिक नीति र केन्द्रीय बैङ्कहरूको नीतिगत निर्णयका लागि महत्त्वपूर्ण आधार बनेको छ।

दुवै अर्थशास्त्रीलाई सन् २०२६ को अर्थशास्त्रतर्फको नोबेल पुरस्कार संयुक्त रूपमा समष्टिगत आर्थिक स्थिरताका सूक्ष्म आर्थिक आधारहरू (Microeconomic Foundations of Macroeconomic Stabilization) सम्बन्धी योगदानका लागि प्रदान गरिएको हो। उनीहरूको अनुसन्धानको मुख्य सन्देश हो - अर्थतन्त्रलाई स्थिर राख्न ब्याजदर वा सरकारी नीतिमा परिवर्तन गर्नु मात्र पर्याप्त हुँदैन; उपभोक्ता र व्यवसायीले भविष्यबारे के अपेक्षा गर्छन् भन्ने कुरा पनि उत्तिकै महत्त्वपूर्ण हुन्छ।

- उद्योगले उत्पादन गरेका सामान किन्ने ग्राहक पर्याप्त होला ?
- भविष्यमा बिक्री र नाफा बढ्ला कि घट्ला ?
- नीतिगत अनिश्चितता वा प्रशासनिक अवरोधले व्यवसाय सञ्चालनमा समस्या उत्पन्न गर्ला ?

**नेपालको प्रसङ्गमा ब्याजदर कम हुनु र बैङ्कमा पर्याप्त पैसा हुनु सकारात्मक अवस्था हो। तर, व्यवसायीहरूमा भविष्यको माग, नाफा र लगानीको प्रतिफलबारे विश्वास कमजोर छ भने कर्जा माग र लगानी अपेक्षाअनुसार नबढ्न सक्छ।**

- ऋण लिएपछि अपेक्षित आम्दानी भएन भने किस्ता कसरी तिर्ने ?

यदि यी प्रश्नहरूको सन्तोषजनक उत्तर भेटिएन भने व्यवसायीले लगानी नगर्ने निर्णय गर्न सक्छन्। यसबाट स्पष्ट हुन्छ कि लगानीको निर्णय ब्याजदरले मात्र होइन, भविष्यमा प्रतिफल प्राप्त हुने अपेक्षाले पनि निर्धारण गर्छ।

यद्यपि, कमजोर कर्जा मागलाई निराशावादी अपेक्षाको प्रत्यक्ष प्रमाण मान्नु हुँदैन। बजारको कमजोर माग, लगानीयोग्य परियोजनाको कमी, पुरानो ऋणको भार, व्यवसाय सञ्चालनका अवरोध र बैङ्कहरूको कर्जा मूल्याङ्कनले पनि भूमिका खेल्न सक्छन्। त्यसैले, नेपालको अवस्थालाई भविष्यप्रतिको कमजोर विश्वासको सम्भावित सङ्केतका रूपमा बुझ्नु उचित हुन्छ।

**सरकारले के गर्नुपर्छ ?**

यदि समस्या केवल उच्च ब्याजदर हो भने ब्याजदर घटाउनु प्रभावकारी उपाय हुन सक्छ। तर, ब्याजदर घटिसक्दा पनि लगानी बढेन भने सरकारले र नेपाल राष्ट्र बैङ्कले समस्याका अन्य कारण पनि पहिचान गर्नुपर्छ।

सरकारले नीतिगत स्थिरता कायम गर्ने, सार्वजनिक आयोजनाहरू समयमै सम्पन्न गर्ने, व्यवसाय सञ्चालनका अवरोध घटाउने र लगानीका अवसर विस्तार गर्ने प्रयास गर्नुपर्छ।

**सरकारको घोषणा र वास्तविक कार्यान्वयनबिच ठुलो अन्तर भयो भने लगानीकर्ताको विश्वास कमजोर हुन सक्छ। यसको विपरीत, स्पष्ट नीति र प्रभावकारी कार्यान्वयनले भविष्यप्रतिको अनिश्चितता घटाउन मद्दत गर्न सक्छ। तर, मानिसहरूको विश्वास बढाउने उद्देश्यले मात्र खर्च वा ऋणलाई कृत्रिम रूपमा बढाउनु उचित हुँदैन। लगानी उत्पादनशील, दिगो र आर्थिक अवस्था अनुकूल हुनु आवश्यक छ।**

सरकारको घोषणा र वास्तविक कार्यान्वयनबिच ठुलो अन्तर भयो भने लगानीकर्ताको विश्वास कमजोर हुन सक्छ। यसको विपरीत, स्पष्ट नीति र प्रभावकारी कार्यान्वयनले भविष्यप्रतिको अनिश्चितता घटाउन मद्दत गर्न सक्छ। तर, मानिसहरूको विश्वास बढाउने उद्देश्यले मात्र खर्च वा ऋणलाई कृत्रिम रूपमा बढाउनु उचित हुँदैन। लगानी उत्पादनशील, दिगो र आर्थिक अवस्था अनुकूल हुनु आवश्यक छ।

सारमा भन्नुपर्दा नोबेल पुरस्कार प्राप्त अर्थशास्त्रीहरूको योगदानले आर्थिक निर्णय बुझ्दा वर्तमानको अवस्थामात्र हेरेर पुग्दैन भन्ने कुरा स्पष्ट पार्छ। मानिसहरूले भविष्यप्रति कस्तो अपेक्षा गरेका छन् भन्ने कुराले पनि उनीहरूको उपभोग, बचत र लगानीलाई प्रभावित गर्छ। नेपालको प्रसङ्गमा ब्याजदर कम हुनु र बैङ्कमा पर्याप्त पैसा हुनु सकारात्मक अवस्था हो। तर, व्यवसायीहरूमा भविष्यको माग, नाफा र लगानीको प्रतिफलबारे विश्वास कमजोर छ भने कर्जा माग र लगानी अपेक्षाअनुसार नबढ्न सक्छ।

# फ्रान्समा महँगीविरुद्धको प्रदर्शन हिंसात्मक



पेरिस, १८ अक्टोबर (एएफपी) । बढ्दो महँगीविरुद्ध फ्रान्सभर भएको प्रदर्शन शनिबार हिंसात्मक बनेपछि प्रहरीसँग झडप, आगजनी र व्यापक लुटपाट भएको छ । घटनामा करिब ४०० जना पक्राउ परेका छन् भने सेन्ट-एटिनेमा भिड नियन्त्रण गर्ने ग्रेनेड लागेर १७ वर्षीय किशोरको दाहिने हात गुमेको छ ।

गृह मन्त्रालयका अनुसार प्रदर्शनमा पाँच लाख ५० हजार मानिस सहभागी भएका थिए । श्रमिक सङ्गठन सीजीटीले भने आठ लाख मानिसले सहभागिता जनाएको दाबी गरेको छ । मास्क लगाएका युवाहरूले पेरिससहित मार्सेइ, बोर्डो, लिल र अन्य सहरमा पसल लुट्नुका साथै गाडी र सरकारी भवनमा आगजनी तथा तोडफोड गरेका थिए । लिमोजमा १४० वर्षभन्दा पुरानो भवनमा आगलागी हुँदा ठूलो क्षति पुगेको छ ।

प्रधानमन्त्री सेबास्टियन लेकोर्नुले हिंसाको निन्दा गरेका छन् भने राष्ट्रपति इमानुएल म्याक्रोनले तोडफोड र लुटपाटमा संलग्नलाई कारबाही गर्ने बताए ।

आगामी राष्ट्रपति निर्वाचनको तयारी भइरहेका बेला महँगी, राजनीतिक असन्तुष्टि र विद्यार्थी आन्दोलनले अशान्ति थप चर्काएको छ । मध्यपूर्वको युद्धले युरोपमा मुद्रास्फीति बढाउन योगदान गरेको प्रदर्शनकारीहरूको भनाइ छ । आठ वर्षअघि इन्धन कर वृद्धिविरुद्ध आन्दोलन गरेको 'यल्लो भेस्ट' समूहले यसपटक 'यल्लो एन्ड युथ' प्रदर्शनको आह्वान गरेको थियो ।

राष्ट्रपति निर्वाचनका प्रतिस्पर्धी नेतृ मरिन ले पेनले हिंसाको निन्दा गर्दै अति वामपन्थी नेता जिन-लुक मेलेनचोनको दलले हिंसालाई वैधता दिएको आरोप लगाइन् । प्रदर्शनलाई समर्थन गर्दै आउनुभएका मेलेनचोनले भने लुटपाट आफ्नो आन्दोलनको विधिविपरीत भएको बताउँदै त्यसबाट टाढा रहन आग्रह गरे ।

पेरिसमा प्रदर्शनकारीले म्याक्रोनको राजीनामा माग्दै नारा लगाएका थिए । केहीले सन् १७८९ को फ्रान्सेली क्रान्तिसँग वर्तमान आन्दोलनको तुलना गरेका छन् । विद्यार्थी प्रतिनिधि निकायका प्रमुख रियाद रानीले सरकार दबाबमा परेको बताउँदै असन्तुष्ट फ्रान्सेली जनता आफ्ना मागबाट पछि नहट्ने धारणा व्यक्त गर्नुभयो ।

# 'नो किङ्स' प्रदर्शनबाट मतदानमा जोड

वासिङटन, १ कार्तिक (एएफपी) । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको नीतिविरुद्ध शनिबार अमेरिकाभरि आयोजित 'नो किङ्स' प्रदर्शनमा आयोजकहरूले आगामी मध्यावधि निर्वाचनमा मतदान गर्न नागरिकलाई प्रेरित गरेका छन् । नोभेम्बर ३ मा हुने निर्वाचनअघि मतदाता दर्ता र प्रारम्भिक मतदानबारे सचेतना फैलाइएको हो ।

ट्रम्प पुन: सत्तामा फर्किएपछि चौथोपटक आयोजित यस प्रदर्शनअन्तर्गत अमेरिकाभरि करिब तीन हजार कार्यक्रम भएका थिए । राजधानी वासिङटनदेखि न्युयोर्क, लस एन्जलस र साना सहरसम्म प्रदर्शनकारी भेला भएका थिए । जुलुससँगै सवारीसाधनले हर्न बजाउने, सङ्गीत कार्यक्रम गर्ने र छिमेकीबिच भेला आयोजना गर्नेजस्ता गतिविधि पनि भएका थिए ।

वासिङटनकी ६६ वर्षीया सेवानिवृत्त शिक्षिका सबिन कार्लसनले 'भोट, शक्ति, जनता' लेखिएको छाता बोकेर प्रदर्शनमा सहभागी हुनुभयो । उहाँले विरोधमार्फत असन्तुष्टि व्यक्त गर्नु महत्त्वपूर्ण भए पनि मतदान झन् आवश्यक रहेको बताउँदै मतदातालाई आफ्नो मतदान केन्द्र पहिचान गर्न र दर्ता विवरण जाँच गर्न आग्रह गर्नुभयो ।

नोभेम्बर ३ को निर्वाचनमा डेमोक्रेटहरूले काङ्ग्रेसको नियन्त्रण लिन खोजिरहेका छन् । जीवनयापनको बढ्दो लागत र मध्यपूर्वको अलोकप्रिय युद्धलाई चुनावी मुद्दा बनाएका उनीहरूले रिपब्लिकन उम्मेदवारसँग कडा प्रतिस्पर्धा गर्नुपर्नेछ ।

लोकतान्त्रिक अधिकारसम्बन्धी संस्था कमन कजकी अल्मा कुभर्थीले मतदानलाई शक्ति प्रयोग गर्ने, सेवा गर्ने र आनन्द लिने माध्यमका रूपमा स्थापित गर्नु प्रदर्शनको उद्देश्य रहेको बताउनुभयो । उहाँका अनुसार व्यापक मतदान सहभागिताले निर्वाचन परिणाममाथि प्रश्न उठाउने प्रयासलाई चुनौती दिन सक्छ ।

राष्ट्रपति ट्रम्पले हुलाकमार्फत हुने मतदानको आलोचना गर्दै आउनुभएको छ । विपक्षीहरूले रिपब्लिकनहरू पराजित भए प्रशासनले निर्वाचन परिणाम कमजोर पार्न सक्ने आशङ्का व्यक्त गरेका छन् । त्यसैले आयोजकहरूले सम्भावित अनियमितताको जोखिम घटाउन समयमै मतदान गर्न प्रोत्साहित गरेका हुन् ।

वासिङटनमा सहभागी एक ५२ वर्षीय पूर्वसैनिकले पछिल्लो १८ महिनामा अमेरिकी राजनीतिमा आएको परिवर्तनप्रति निराशा व्यक्त गर्दै देशलाई पुन: आफ्नो आदर्शअनुरूप बनाउन चाहेको बताउनुभयो । उहाँले नोभेम्बर ३ मा मतदाताले सशक्त प्रतिक्रिया दिने आशा व्यक्त गर्नुभयो ।

अन्य राज्यमा पनि लोकतन्त्र र मतदानको पक्षमा प्रदर्शन भएका थिए । उत्तरी क्यारोलिनाको ग्यास्टोनियामा 'लोकतन्त्रका लागि हर्न बजाऔँ' र 'मतदान गर्ने योजना बनाउनुहोस्' लेखिएका सङ्केत प्रदर्शन गरिएका थिए । मेन राज्यको पोर्टल्यान्डमा रिपब्लिकन सिनेटर सुसान कोलिन्सलाई लक्षित गर्दै मतको महत्त्व झल्काउने ब्यानर देखाइएका थिए ।

फ्लोरिडाको विल्टन म्यानर्स, जर्जियाको एटलान्टा, मिसौरीको कन्सास सिटी र टेक्सासको ह्युस्टनमा पनि ट्रम्पको नीतिविरुद्ध प्रदर्शन भए । प्रदर्शनकारीहरूले भ्रष्टाचार, युद्ध अपराधसम्बन्धी विवाद र लोकतन्त्रका विषय उठाएका थिए । क्यालिफोर्नियाका सान डियागो, सान फ्रान्सिस्को र लस एन्जलससलगायत सहरमा समेत प्रदर्शनकारीहरूले 'नो किङ्स' भन्ने सन्देशसहित मार्च गरेका थिए ।

# दुर्गा पूजा मण्डपमा भागदौड, १९ जनाको मृत्यु

कोलकाता, १८ अक्टोबर (एपी) । भारतको पूर्वी राज्य पश्चिम बङ्गालको राजधानी कोलकातामा दुर्गा पूजा पर्वका क्रममा भएको भागदौडमा कम्तीमा १९ जनाको मृत्यु भएको छ भने २५ जना घाइते भएका छन् । अधिकारीहरूका अनुसार शनिबार राति वर्षा हुन थालेपछि मण्डप नजिकै भेला भएका मानिसहरू ओत लाग्न दौडिँदा भागदौड मच्चिएको हो ।

प्रहरीका अनुसार केही भक्तजन सडकमा लडेपछि भीड अनियन्त्रित बनेको थियो । घटनामा घाइते भएकाहरूको कोलकाता मेडिकल कलेज तथा अस्पतालमा उपचार भइरहेको छ । अस्पताल पुग्नुभएका मुख्यमन्त्री सुभेन्दु अधिकारीले १९ जनाको मृत्यु भएको र २५ जनाको उपचार भइरहेको जानकारी दिनुभयो । उहाँले राज्यको उच्च अदालतका न्यायाधीशको नेतृत्वमा विशेष अनुसन्धान टोली गठन गरी घटनाको छानबिन गरिने बताउनुभयो ।

प्रहरीले घटनाबारे अनुसन्धान सुरु गर्दै केही दुर्गा पूजा मण्डपका आयोजक, निजी सुरक्षाकर्मी तथा ड्युटीमा खटिएका कर्मचारीलाई हिरासतमा लिएको छ । घटनामा भीड व्यवस्थापन र सुरक्षामा कमजोरी भए-नभएकोबारे अनुसन्धान भइरहेको अधिकारीहरूले बताएका छन् ।

दुर्गा पूजा पर्वका लागि कोलकाताभरि स्थानीय रूपमा 'पण्डाल' भनिने करिब तीन हजार पाँच सय मण्डप निर्माण गरिएका छन् । घटनापछि अधिकारीहरूले कोलकाताका धेरै भीडभाड हुने स्थल अस्थायी रूपमा बन्द गर्न आयोजकहरूलाई सुझाव दिएका छन् ।

भारतमा ठूला धार्मिक पर्वका क्रममा भीड अनियन्त्रित हुँदा भागदौडका घटना बारम्बार हुने गरेका छन् । यस्ता पर्वमा लाखौँ मानिस सीमित क्षेत्रमा भेला हुने गरे पनि पर्याप्त सुरक्षा र भीड व्यवस्थापनको अभाव रहने गरेको छ ।

सन् २०२५ जनवरीमा विश्वकै ठूलो धार्मिक जमघटका रूपमा चिनिने महाकुम्भ पर्वका क्रममा पवित्र नदीमा स्नान गर्न हजारौँ हिन्दू तीर्थयात्री एकैपटक अघि बढ्दा कम्तीमा ३० जनाको मृत्यु भएको थियो । त्यसैगरी, सन् २०१३ मा मध्य प्रदेश राज्यको एउटा मन्दिरमा धार्मिक पर्वका क्रममा पुल भत्किने डरले तीर्थयात्रीहरू आत्तिँदा भएको भागदौडमा कम्तीमा ११५ जनाको मृत्यु भएको थियो । केही मानिसको नदीमा डुबेर मृत्यु भएको थियो ।

## विश्व सङ्क्षेप

# वेस्ट बैङ्कमा कूटनीतिज्ञ र फ्रान्सेली मेयरमाथि आक्रमण

जेरुसेलम, १८ अक्टोबर (एएफपी) । इजरायली बस्तीका बासिन्दाहरूले कब्जामा रहेको वेस्ट बैङ्कमा युरोपेली कूटनीतिज्ञहरूको टोलीमाथि आक्रमण गर्नुका साथै फ्रान्सेली मेयर बर्नार्ड बाउडोक्सलाई कुटपिट गरेका छन् । अमेरिकी फोटो पत्रकारमाथि आक्रमण भएको भोलिपल्टै भएका घटनाप्रति अमेरिकी विदेशमन्त्री मार्को रुबियोले चिन्ता व्यक्त गर्नुभएको छ ।

उत्तरी फ्रान्सको औल्नोए-आयमेरिसका ७८ वर्षीय मेयर बाउडोक्स प्यालेस्टिनी किसानहरूसँग जैतुन टिप्न सहभागी भएका बेला मुख छोपेका व्यक्तिहरूले उहाँलाई लात्ती र फलामको बारले प्रहार गरेका थिए । फ्रान्सेली विदेशमन्त्री जिन-नोएल बारोटले दोषीलाई पक्राउ गर्न माग गर्नुभएको छ ।

यसअघि 'द वासिङ्टन पोस्ट' की अमेरिकी फोटो पत्रकार हेइडी लेभिन बस्तीका बासिन्दाहरूको आक्रमणमा परी घाइते हुनुभएको थियो । उहाँको मेरुदण्डको हड्डी भाँचिएको छ । अमेरिकी राजदूत माइक हुकाबीले दोषीलाई कारबाही गर्न माग गर्नुभएको छ ।

इजरायली विदेश मन्त्रालयले आक्रमणको निन्दा गर्दै अनुसन्धान गर्ने जनाएको छ । तर, प्रधानमन्त्री बेन्जामिन नेतान्याहुले बस्तीवासीविरुद्ध बदनाम गर्ने अभियान चलाइएको आरोप लगाउनुभएको छ । उहाँका प्रमुख प्रतिस्पर्धी गदी आइसेनकोटले भने हिंसाले इजरायलको अन्तर्राष्ट्रिय वैधानिकता कमजोर बनाइरहेको बताउनुभएको छ ।

जैतुन टिप्ने वार्षिक मौसममा वेस्ट बैङ्कमा हिंसा बढ्ने गरेको छ । प्यालेस्टिनी किसानले बस्तीवासीबाट आक्रमण र जग्गा कब्जाको सामना गर्नुपरेको आरोप लाग्दै आएको छ । सन् १९६७ मा इजरायलले कब्जा गरेको वेस्ट बैङ्कमा करिब ३० लाख प्यालेस्टिनी र पाँच लाख इजरायली बस्तीवासी बसोबास गर्छन् । अन्तर्राष्ट्रिय कानुनअनुसार इजरायली बस्ती अवैध मानिन्छन् ।

# रुसमाथिका अमेरिकी संसद्को प्रतिबन्धमा ट्रम्पको रोक

जोइन्ट बेस एन्ड्र्युज (अमेरिका), १८ अक्टोबर (एएफपी) । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले रुसमाथिका आर्थिक प्रतिबन्ध र शुल्क कार्यान्वयनमा ६० दिन रोक लगाएका छन् । विश्व अर्थतन्त्रमा त्यसको प्रभाव अध्ययन गर्न निर्णय गरिएको विदेशमन्त्री मार्को रुबियोले दाबी गरेका छन् । तर, यसबाट रुसी राष्ट्रपति भ्लादिमिर पुटिनलाई फाइदा पुग्ने भन्दै अमेरिकी सांसद र युक्रेनले आलोचना गरेका छन् । रुबियोका अनुसार इरानमाथिको युद्ध र यमनका हुथी समूहका आक्रमणलगायत द्वन्द्वले विश्वव्यापी तेल तथा डिजेलको मूल्य बढाएको छ । यस्ता घटनाले समग्र अर्थतन्त्रमा असर पारिरहेकाले प्रतिबन्ध र शुल्कको प्रभाव विश्लेषण गर्नुपर्ने उनको भनाइ छ ।

अमेरिकी काङ्ग्रेसले गत महिना पारित गरेको कानुनमा रुसी अधिकारी, धनाढ्य वर्ग र वित्तीय संस्थामाथि प्रतिबन्ध लगाउनुका साथै रुसी तेल तथा ग्यासका प्रमुख खरिदकर्तालाई कारबाही गर्ने अधिकार राष्ट्रपतिलाई दिइएको थियो । युक्रेनविरुद्धको युद्धका लागि रुसले आर्थिक स्रोत जुटाउन नपाओस् भन्ने यसको उद्देश्य थियो । तर, कानुन कार्यान्वयन हुनुभन्दा दुई दिनअघि शुक्रबार ट्रम्पले कार्यकारी आदेशमार्फत छुट दिएका छन् ।

रिपब्लिकन सिनेटर थोम टिलिसले यस निर्णयलाई गैरजिम्मेवार भन्दै ऊर्जा मूल्य घटाउन पुटिनलाई सहयोग गर्नुभन्दा इरानको समस्या समाधान गर्नुपर्ने बताए । अर्का रिपब्लिकन सिनेटर टेड क्रुजले पनि यसलाई गल्ती भने । रुबियोले रुसी डिजेल विश्व बजारमा कुनै न कुनै रूपमा पुग्ने भएकाले अमेरिकाले त्यसको हिस्सा प्राप्त गर्नु व्यावहारिक हुने तर्क गरे । डिजेल सडक निर्माण, कृषि र निर्माण क्षेत्रमा महत्त्वपूर्ण इन्धन हो । इरान युद्धका कारण बढेको इन्धन मूल्य आगामी महिना हुने मध्यावधि निर्वाचनअघि अमेरिकी मतदाताको प्रमुख चिन्तासमेत बनेको छ ।

# भारतमा ट्रक दुर्घटना, १२ जनाको मृत्यु

ग्वालियर (भारत), १८ अक्टोबर (एएनआई) । भारतको मध्य प्रदेशस्थित ग्वालियरमा शीतला माता मन्दिर नजिकै धान बोकेको अनियन्त्रित ट्रकले तीर्थयात्रीहरूलाई ठक्कर दिँदा कम्तीमा १२ जनाको मृत्यु भएको छ भने अन्य २७ जना घाइते भएका छन् । घाइतेमध्ये पाँचदेखि छ जनाको अवस्था गम्भीर रहेको अधिकारीहरूले बताएका छन् ।

वरिष्ठ प्रहरी अधीक्षक धर्मवीर सिंहका अनुसार आइतबार बिहान करिब १:३० बजे चिनोरबाट मन्दिरतर्फ आउँदै गरेको ट्रकले ठाडो ओरालोमा नियन्त्रण गुमाएको थियो । ट्रकले प्रहरीका अवरोध तोड्दै तीर्थयात्रीहरूलाई ठक्कर दिएपछि मन्दिरको बाहिरी पर्खाल र ढोकामा समेत ठोक्किएको थियो । उक्त सडकमा भारी सवारीसाधन चलाउन प्रतिबन्ध लगाइएको थियो ।

दुर्घटनापछि ३९ जनालाई अस्पताल पुऱ्याइएको र तीमध्ये १२ जनाको मृत्यु भएको सिंहले जानकारी दिनुभयो । घटनामा ड्युटीमा रहेका दुई प्रहरी कर्मचारीसमेत घाइते भएका छन् ।

ग्वालियरकी जिल्ला अधिकारी रुचिका चौहानले उद्धारका लागि तत्काल एम्बुलेन्स र अन्य सवारीसाधन पठाइएको बताउनुभयो । दुर्घटनाको कारण पत्ता लगाउन ट्रकको प्राविधिक परीक्षण गरिने र नवरात्रका बेला राखिएका प्रहरी अवरोध तथा जाँच चौकी पार गरेर ट्रक कसरी सडकमा प्रवेश गऱ्यो भन्ने विषयमा अनुसन्धान भइरहेको उहाँले जानकारी दिनुभयो ।

एक प्रत्यक्षदर्शीले ट्रकमा क्षमताभन्दा बढी भार रहेको दाबी गर्दै त्यसले पसल र मानिसहरूलाई ठक्कर दिएको बताए । उनका भाइसमेत दुर्घटनामा घाइते भएका छन् ।

मजदुर
२ कार्तिक, २०८३ (19 Oct., 2026)


# क्रान्तिकारी सिनेमाका मास्टर -रि जोङ-सन

✍ जु ग्युङ-बोङ (पत्रकार)

प्रजातान्त्रिक जन गणतन्त्र कोरियामा जुचे साहित्य र कलाको इतिहासलाई गहिरो रूपमा अङ्कित गर्ने क्रान्तिकारी सिनेमा निर्माता श्री रि जोङ-सनलाई अर्डर अफ किम इल-सुङ, किम इल-सुङ अवार्ड र 'श्रमको नायक' पदवीद्वारा सम्मानित गरिएको थियो । उहाँ क्रान्तिकारी सिनेमाका मास्टर हुनुहुन्थ्यो जसले जुचे साहित्य र कलाको इतिहासलाई गहिरो प्रभाव पारेको थियो ।




आफ्नो जीवनकालमा, श्री रि जोङ-सनले पहिलोपटक जनरल किम इल सुङलाई व्यक्तिगत रूपमा भेट्नुभयो र उहाँका बहुमूल्य शिक्षाहरू प्राप्त गर्नुभयो । त्यसदिन, जनरलले उनलाई एक आधारभूत निर्देशन दिनुभयो: श्रमिक वर्गको साहित्य र कलालाई आफ्नो मिशन पूरा गर्न - जनरलको क्रान्तिकारी विचार जगाउने शक्तिशाली हतियार हो र जनतालाई उसको उद्देश्यप्रति वफादार हुन शिक्षित गर्न - उनीहरूले जनरलको क्रान्तिकारी कार्यहरूलाई विश्वासपूर्वक चित्रण गर्नुपर्दछ ।

त्यसपछि, जनरलले श्री रि जोङ-सनलाई प्रतिष्ठित रचनात्मक समूहभित्र काम गर्न अनुमति दिनुभयो र उहाँको जीवनलाई ध्यानपूर्वक हेर्नुभयो । उहाँको अपार विश्वास र स्नेहको प्रभावले श्री रि जोङ-सन एक असाधारण प्रतिभा, असाधारण क्षमताले सम्पन्न, र एक सक्षम कलात्मक निर्देशक बन्नुभयो ।

जनरलले श्री रि जोङ-सनलाई जनरलको छविमा चलचित्र निर्माण गर्ने महान कार्य सुम्पनुभयो । श्री री जोङ-सनले यो अपार विश्वासलाई स्वीकार गर्नुभयो र दिनरात समस्यामा परे तापनि उहाँ लेखनमा आउन सक्नुभएन ।

त्यतिखेर, जनरलले सनलाई निर्देशन दिनुभएको थियो कि 'एटोइल डे कोरी' गीतबाट प्रेरित गुणस्तरीय फिल्मले पार्टीको छैटौं काङ्ग्रेसलाई अझ बढी अर्थ दिन्छ ।

एक्कासी पर्दा हटेको जस्तो गरी सनले यो क्रान्तिकारी चलचित्रको भाग १ र २ को लागि मात्र बीस दिनमा स्क्रिप्ट रचना गर्नुभयो । दुई वर्षपछि, दस-भाग काम 'कोरिया को तारा' पूरा भयो ।

त्यसपछि, एकदिन, जनरलले फेरि एकपटक श्री रि जोङ-सनलाई क्रान्तिकारी फिल्म 'स्टार अफ कोरिया' को लागि साङ्गीतिक विषयवस्तुको रचनाको जिम्मा दिनुभयो । त्यतिबेला उहाँ सृजनात्मक उत्साहले अभिभूत हुनुहुन्थ्यो ।

लडाइँमा लड्नुभएका महान् नेताको अपार गर्व र बिनाहिचकिचाहट यो बाटो रोज्ने क्रान्तिकारी सहिदहरूको उदात्त भावनाले उनको हृदयमा बलियो प्रतिध्वनि छोडेको छ ।

सनले लेख्न थाल्नुभयो :

बाटो अप्ठ्यारो भए पनि, हामी परीक्षाहरू पार गर्ने छौं । आगो र हावा रिसाए पनि, हामी जीवन र मृत्यु सँगै बाँड्नेछौं ।

एक साथीको असीम प्रेम, जुन हजारौं सुनले किन्न सक्दैन ।

हाम्रो चाहनामा कहिल्यै कमजोर नहास्;
हामी एक तारातिर हाम्रो आँखा उठाउन दिनुहोस् ।

यसरी जन्मियो 'सङ्ग अफ कमरेडसिप' गीत, हाम्रो क्रान्तिको शाश्वत भजन, हाम्रो क्रान्तिको पवित्र इतिहासलाई सङ्कलन गर्ने काम, कामरेडसिपबाट आरम्भ र विकास भएको क्रान्ति ।

श्री री जोङ सनको सम्झनालाई स्मरण गर्दै जनरलले कमरेड री जोङ सुन प्रतिभाशाली लेखक, क्रान्तिकारी फिल्म 'स्टार अफ कोरिया' को पटकथा र 'सङ अफ कमरेडसिप' गीतको शब्द रचना गर्नुभएका र उहाँ पार्टीको सम्झनामा र यो गीत पनि जीवित रहेको स्मरण गर्नुभयो ।

नेताको छविमा साहित्यिक कार्यको सिर्जनामा ठूलो योगदान पुर्‍याउनुहुने श्री री जोङ-सनका गुणहरू जुचे साहित्य र कलाको इतिहासमा सदा रहिरहनेछन् ।

***रोडोङ सिनमुन, आइतबार, अक्टोबर ४, २०२६, पृष्ठ ५***

***अनुवाद : प्रकाश***

# ब्रिक एन्ड द बुल : द एकाउन्ट अफ हाँडीगाउँ' किरातकालीन इतिहासको अन्वेषण

✍ गुरुङ सुशान्त

**पुस्तक परिचय**

विशेष गरी किरात समुदायले रैथाने प्राचीन सभ्यताकै आधारमा आफ्नो प्रदेशको नामकरण गर्दा नै वास्तविक पहिचानको सम्बोधन हुने ठानेर आवाज उठाइरहेको परिवेशबिच नै राज्यशक्तिले 'कोसी प्रदेश' नामकरण गरेपछि त्यसविरुद्ध पूर्वी नेपाल एक किसिमले आन्दोलित भयो ।
आन्दोलनको मागलाई राज्यले कसरी सम्बोधन गर्ला ?
त्यो भविष्यका घटनाक्रमहरूले देखाउने नै छन् ।

तर, सुदर्शनराज तिवारीकृत 'द ब्रिक एन्ड द बुल : एन एकाउन्ट अफ हाँडीगाउँ, द एन्सिएन्ट क्यापिटल अफ नेपाल' (सन् २००२) पढ्दै गर्दा बोध हुने यथार्थ हो- मौलिक संस्कृति र सभ्यता बचाएर आएको आदिवासी किरातले इतिहासमा कहिले आफ्नो थातथलोबाट विस्थापित हुनु परेको छ त कहिले अस्तित्वका लागि सङ्घर्ष गर्नुपरेको छ । यही प्रसङ्गमा प्राचीन नेपालको राजधानी हाँडीगाउँलाई केन्द्र बनाएर लेखिएको यो सांस्कृतिक पुस्तक पढ्न पाउनुलाई पनि सुखद संयोग मान्न सकिन्छ ।

किरातकालीन 'अण्डीपृङ' कालक्रममा कसरी 'हाँडीगाउँ' मा कायाकल्प भयो भन्ने रोचक कथा भन्छ, यस किताबले । वास्तुकलाविद् तथा संस्कृति इतिहासविद् सुदर्शनराज तिवारीको 'टेम्पल अफ द नेपाल भ्याली' पाठकहरूले बढी रुचाए पनि 'द एन्सिएन्ट सेटलमेन्ट्स अफ द काठमान्डौं भ्याली' इतिहास अध्ययनका दृष्टिले महत्त्वपूर्ण पुस्तक हो । तिवारीले आफ्नो प्रज्ञाचाहिँ 'द ब्रिक एन्ड द बुल: एन एकाउन्ट अफ हाँडीगाउँ, द एन्सिएन्ट क्यापिटल अफ नेपाल' मा खुलेर पोखेका छन् ।

पछिल्लो समय नगर-बस्तीहरूको व्यापक विस्तारसँगै टोल बस्ती र स्थानीय तहको नयाँ नामकरण हुँदै आएका छन् । तर, स्थाननामका लागि स्थानीय समुदायको सहभागिता र स्वीकरणको प्रक्रिया पार गर्नुपर्ने हुन्छ । पुस्तकमा एक प्रसङ्ग छ- 'पाँचौं शताब्दीको उत्तरार्द्धतिरका लिच्छवि राजा मानदेवको नामबाट सो ठाउँलाई मानेश्वर भनी पुनर्नामकरण गरिए तापनि सो नाम औपचारिक अभिलेखमा मात्र सीमित रहेको र सर्वसाधारणले पुरानै नामलाई प्रयोग गर्न रुचाएको देखिन्छ । केही समयपछाडि राजा बलवन्तदेवले त्यस ठाउँलाई हरिपुर भनेर दिएको नयाँ नामलाई पनि सम्भवत: अस्वीकार गरिएको थियो । यी नयाँ नामहरूलाई स्वीकार नगरिनुले अण्डीपिमा अण्डीपृङ्गकै रैथाने बासिन्दाहरूको बसोबास कायम रहेको कुरालाई देखाउँछ ।' भाषिक तथा सांस्कृतिक निधि मानिने स्थाननामको स्रष्टा जनतालाई नै मानिन्छ भने यसलाई जनजातीय रचनात्मक सिर्जनाको परिचायक पनि मानिन्छ । यसको गम्भीर्य राज्यशक्तिले नबुझ्दा कहिलेकाहीँ दुर्घटना हुने गर्छन् ।

हाँडीगाउँ भन्नेबित्तिकै हाम्रो दिमागमा बेथिति या भद्रगोलपूर्ण परिदृश्यात्मक बिम्ब आउन सक्छ, न कि हजारौं वर्षको सङ्घर्ष र उतारचढावपूर्ण विरासत बोकेको ऐतिहासिक नगरी । गिल्लायुक्त उखानले पनि कतिपय महत्त्वपूर्ण पक्षबारे हामीलाई निषेधात्मक कित्तामा लगेर बन्दी बनाइदिन्छ । यस्तै नकारात्मक लोकोक्तिको तगारोका कारण कुनै समयको प्रतिष्ठित हाँडीगाउँ लामो समयसम्म बेवास्तामा परिरह्यो । लघु अवधिकै द्रुततर झल्याकझुलुकबाट चकित पर्दै क्षणिक मनोरञ्जनमा बढी रमेर जाँदा इतिहासका गम्भीर पक्ष गुमनाम हुँदै गएको आजको 'टिकटके' माहोलमा यस पुस्तकले पातपातमा रमाउनुभन्दा आफ्नो जरालाई बुझ्नु उपयुक्त हुने इतिहाससचेततातर्फ आह्वान गर्छ ।

पुस्तकमा उपत्यकाले युगौंदेखि बोकिआएको सांस्कृतिक यात्रा, वास्तुकला, श्रुतिपरम्परा, जात्रा आदिको ससाना आँखीझ्यालबाट रैथाने मानव इतिहासको विशाल फैलावटलाई चियाउने मीठो प्रयास भएको छ । किरातकालदेखि लिच्छविकालसम्म हाँडीगाउँले आफूलाई राजधानीका रूपमा उभ्याएको भए पनि मल्ल शासनले खुट्टा घुमाएसँगै काठमाडौं, भक्तपुर र पाटन राज्यको उदय भयो ।

अरु राज्यको चहलपहल बढ्दै गए पनि हाँडीगाउँले आफ्नो आधारभूत विशेषतासहितको स्वरूपचाहिँ कायमै राखेको देखिन्छ । एउटै जाति, भाषा र संस्कृतिलाई मात्रै समग्र नेपाली राष्ट्रियताको 'फ्रेम' मा राखेर बुझ्ने-बुझाउने नस्लवादी सोचभन्दा फरक बहुसांस्कृतिकतायुक्त विशाल इतिहास यस भूमिमा रहेको सत्यलाई थप उजागर पनि गरिदिन्छ यस किताबले ।

आधुनिकीकरणका नाममा अचेल अधिकांश बस्तीहरूले आफ्नो पुरानो अनुहारलाई बिर्सिसकेका छन् । गोरखा भूकम्पपछि त गाउँबस्तीको समेत एक किसिमले कायापलट भएको छ । बस्तीहरूले मुखाकृति मात्रै होइन, कतिपय सन्दर्भमा स्वत्त्व पनि गुमाउँदै गएका छन् । तर, हाँडीगाउँका मूलवासी ज्यापु समुदायले आफ्नो परम्पराको महिमालाई जीवनमूल्यभन्दा ठूलो मानी धान्दै आएका कारण तीव्र आधुनिकीकरणको बेगमा समेत पहिचान पूर्णरूपेण हराएर गएको छैन ।

सांस्कृतिक अध्येताहरू तिनै बचेखुचेका संस्कृतिका पदचाप र सामाजिक मनोविज्ञानका छापलाई पक्रेर विगतको भव्यतालाई अनावृत गर्छन् । लमजुङको तिवारीडाँडाबाट सय वर्षअगाडि काठमाडौं झरेको ब्राह्मण पुर्खाका सन्तति सुदर्शनराज तिवारी नेवार संस्कृतिकै बिचमा हुर्के-बढेका कारण पनि यहाँका जात्रा, मन्दिर, रीतिरिवाज र किंवदन्तीलाई निकै आत्मसात गरी लेख्न सफल भए ।

धर्मनिरपेक्षताबारे बहस हुँदा एउटा तर्क गरिन्छ- 'हाम्रो मुलुकले कहिल्यै धर्मयुद्ध बेहोर्नु नपरेका कारण धर्मसापेक्षता भए पनि अरू धर्ममाथि कुनै अन्याय भएको छैन ।' तर, 'हाँडीगाउँ' का केही प्रसङ्गले इतिहासमा यहाँ धर्मयुद्ध भएको निष्कर्ष नजिक पुर्‍याउँछ ।

तिवारी लेख्छन्, 'समाजमा व्याप्त धार्मिक विभाजनले गर्दा नै पछि गृहयुद्ध हुन पुगेको सम्भावना प्रबल छ । नरेन्द्रदेवको शासनकालको अन्ततिर उनका अभिलेखहरू हाँडीगाउँमा रहेको कैलाशकुट भवनबाट जारी गरिएका थिएनन्, त्यहाँबाट उनी सर्नुपरेबाट त्यति बेला कुनै जनआन्दोलन चलिरहेको सङ्केत पाइन्छ । कुनै नयाँ दरबारमा नरेन्द्रदेवले अस्थायी रूपमा निवास सर्नु र हाँडीगाउँमा बौद्ध धर्मसम्बद्ध कुनै पनि देवालय/संरचना नपाइनुबाट सो गृहयुद्धमा नरेन्द्रदेव, जो एक बौद्धधर्मी थिए, लगायत हाँडीगाउँका अन्य बौद्धमार्गीहरूलाई पनि त्यहाँबाट निष्कासित गरिएको देखिन्छ ।' योबाहेक पनि पुस्तकमा कम्तीमा तीन-चारवटा प्रसङ्गमा धार्मिक गृहयुद्धबारे सङ्केत गरिएको छ ।

यति मात्रै होइन, दरबारभित्रको प्रपञ्च र झैझगडाले उग्र रूप लिँदै-लिँदै धार्मिक गृहयुद्ध मच्चिएपछि विशाल अग्निकाण्ड निम्तिएको र त्यही अग्निकाण्डका कारण प्राचीन समृद्ध सहर करिब-करिब ध्वस्त भएको जनाउ पुस्तकले दिन्छ । सम्भवत: सोही अग्निकाण्डमा यस उपत्यकाका पुरातात्त्विक महत्त्वका संरचना नष्ट भई इतिहासका अनेकौं तथ्य बिलाएर गए ।

हरेक दुर्घटनाले केही न केही सकारात्मक अनुभव दिएर गएझैं उक्त अग्निकाण्डपछि काठमाडौं उपत्यकाले धार्मिक सहअस्तित्व कायम गर्नुपर्ने गम्भीर बोध गरेको व्याख्या तिवारीको छ । यसैले विविधतापूर्ण समाजमा एक धर्मवादी हठ विषाक्त हुने रहेछ भन्ने पाठ ग्रहण गर्नु आज पनि हितकारी हुनेछ ।

भनिन्छ, 'इतिहासमा शासकहरूको विजयगाथा नै अभिलिखित हुन्छ ।' के भुइँमान्छेका सांस्कृतिक इतिहास विस्मृतिकै गर्तमा बिलाएर जान्छन् ? लिखित इतिहासको 'उन्नत' परम्परा नभएको आदिवासी जनजातिको समृद्ध सभ्यताको विगतलाई आजको पुस्तासम्म कसरी हस्तान्तरण गर्ने होला ? यो जटिल प्रश्नको उत्तर सरल छैन ।

तर, स्थाननाम, किंवदन्ती, उखान, जात्रा, चाडपर्व, संस्कार, स्थानीय संस्कृतिविद् र मौखिक रचनाहरूसँगको सहकार्यबाटै गम्भीर विश्लेषणमा पुगी ती रैथाने इतिहास पर्गेल्न र सत्यनिकट पुग्न सकिन्छ । प्रशस्त लिखित सामग्रीको प्रयोग गर्दागर्दै पनि अलिखित सामग्रीलाई पनि भरपूर प्रयोग गरिएकाले यस किताबले जनजातीय इतिहास लेखन र अध्ययन गर्न चाहनेहरूलाई समेत मार्ग-निर्देश गर्न सक्छ ।

लेखकले सम्बन्धित समुदायको संस्कृति र शासनकाल निर्क्योल गर्न मूर्ति, मन्दिर, कलाकृति र निर्माण-सामग्रीलाई आधारभूत साक्ष्यका रूपमा अघि सारेका छन् । आर्य र शकहरूले प्रयोग गर्ने वास्तुकलाको इतिहास व्याख्या गर्दै निष्कर्षमा उनले भनेका छन्, 'किरातहरूले नै काठमाडौं उपत्यकाका मन्दिरहरूका लागि इँट र काठको संरचना प्रयोग गर्ने कुराको थालनी गरेको हुनुपर्छ भन्ने कुरा लिच्छविकालको पूर्वार्द्धतिर अस्तित्वमा रहेका दुई विशिष्ट वास्तुकलाको शैलीबाट देखिन्छ ।' शकहरू पराजित भएपछि पाकेको इँट प्रयोग गर्ने उनीहरूको प्रविधिलाई नकारात्मक छविका रूपमा हेर्दै लोप हुने तहसम्म पुर्‍याउनु र त्यस प्रविधिलाई आर्यहरूले पुनर्खोज नगर्नुलाई विजेता र पराजितबिचको पहिचान-सभ्यता द्वन्द्वका रूपमा बुझ्न सकिन्छ ।

इतिहासका यस्ता पहेलीपूर्ण गाँठो फुकाउन पुरातात्त्विक महत्ताका स्थानहरू संरक्षण र अध्ययन गरिनुपर्ने हो । तर, राज्यको उदासीनताका कारण इतिहासका रहस्यहरू कंक्रिटको 'आधुनिक' महलमुनि निस्सासिएरै मृतप्राय: छन् । तिवारीको जानकारीअनुसार, सन् १९९१ मा सीताभवनको जग्गामा पौष्टिक आहार कार्यक्रमको भवन निर्माण गर्ने क्रममा ठूलो मात्रामा लिच्छवि अवशेष ध्वस्त पारिए । यस्तै सन् १९९४ मा एउटा निजी व्यापारिक भवनका लागि जग खन्ने क्रममा इँट छापिएको चोकजस्तो सतह भेटिएको र नजिकै अप्रत्याशित रूपमा जयवर्माको मूर्ति भेटिए पनि पुरातात्त्विक सुपरिवेक्षणबिना खनिँदा उक्त मूर्तिको एउटा हातै हरायो ।

त्यस घटनामा मूर्तिको हात मात्रै हराएन, नेपालको लिखित इतिहासलाई तीन सय वर्षअगाडि सम्भवत: लिच्छविकालको प्रारम्भतिर पुर्‍याउने प्रामाणिक तथ्यहरू फेला पारिएको पुरातात्त्विक ठाउँ संरक्षण गर्नुपर्ने राज्यको सुझसमेत हरायो । संस्थागत सुझ निम्छरो हुँदै गएको यस्तो विकराल समयमा पनि व्यक्तिगत पहलबाटै प्राचीन इँटहरू सङ्कलन र अध्ययन गर्ने तिवारीको कदम सम्माननीय छ ।

९९ हजार घरधुरी रहने गरी विशाल नगर पुनर्निर्माण गर्ने राजा धर्मदेवबारे प्रचलित केही किंवदन्तीका आधारमा भन्न सकिन्छ- प्रत्यक्ष/परोक्ष पितृहत्याको ग्लानिकै कारण मानदेवले ढुङ्गेधाराहरू निर्माण गराएका थिए । रोचक किंवदन्तीहरूले इतिहासमा दरबारिया हत्याहरूलाई धार्मिक वा ऐतिहासिक सौर्यको खोल लगाइदिने गरेको आशङ्कालाई बल दिन्छन् ।

मानदेव राजा हुनेबित्तिकै किरातहरू सम्मिलित विद्रोह दबाउनुपरेको, लिच्छविकालमै मानदेवको शासनकाल 'समृद्ध' मानिएको र समग्रमा राजपरिवारको गरिमालाई उच्च राखी जनस्तरमै राजतन्त्रप्रति बलियो धार्मिक आस्था जगाउनुपरेका कारण पनि धर्मदेवको हत्यालाई मानदेवको 'अज्ञानता' करार गर्ने किंवदन्तीहरू कथिए होलान् भन्न सकिन्छ । सूचना, प्रविधि, सञ्चार र जनचेतनाको फैलावट रहेको समयमा भएको राजा वीरेन्द्र शाहको वंशनाशबारे आमचासो हुँदासमेत सत्यतथ्य सार्वजनिक नभएको र बाहिर ल्याइएको निष्कर्षलाई जनस्तरबाट अविश्वसनीय ठहऱ्याइएको निकट विगत हामीसँग छ भने मानदेवको पालामा विभिन्न आख्यानहरू बुनेर धर्मदेवको 'वीरता' को गाथा बुनिएन होला भन्ने बलियो आधार छैन ।

वर्षौं-वर्षदेखि काकाकुलजस्तो लाग्ने काठमाडौं उपत्यकामा उहिले पानीको व्यवस्थापन कसरी गरिन्थ्यो भन्ने कुराको रोचक प्रसङ्ग पुस्तकमा छ । त्यसबेला अनावृष्टि हुँदा वर्षाका लागि पूजाअर्चना गर्ने धार्मिक क्रियाकलाप मात्रै हुन्थेन, वैज्ञानिक प्रविधिको प्रयोग पनि हुन्थ्यो । लिच्छवि राज्यको शक्ति र सम्पन्नतासँगै जनसङ्ख्या पनि बढ्दै गएपछि पिउने पानीको समस्या थपिनु, धार्मिक कारणले ब्राह्मण र किरातहरूको स्नानसंस्कार परिवर्तन भएर पानीको खपत बढ्दै जानु र व्यापक भूस्खलनका कारण नदीको धार परिवर्तन हुनु आदि कारणले उपत्यकामा पानीको माग बढेपछि किरातकालदेखि खाल्डोमा पानी सङ्कलन गरी बस्तीलाई राहत पुर्‍याउने प्रविधिले पनि बढावा पायो ।




नदी र पोखरीहरूमा लप्सीको गेडा खन्याएर पानी शुद्धीकरण गरी पिउने पानीको चरम सङ्कटलाई टार्ने गरिएको हुन सक्ने तिवारीको विश्लेषण छ । त्यसका लागि उनले यहाँ प्रचलित जात्राहरूको अध्ययन गरेका छन् । पानीमा लप्सीको गेडा र बालुवा राखेपछि धमिलोपन र ब्याक्टेरिया पूर्णतया नियन्त्रण हुने पुष्टि पछिल्लो परीक्षणले गरिसकेकाले विगतको त्यो चलन धार्मिक अन्धविश्वास मात्रै नभएर उन्नत जल शुद्धीकरण प्रविधि रहेको निष्कर्ष पुस्तकमा छ । यस प्रविधिको सहायताले आजको बढ्दो सहरीकरणबिच पानीको उर्लंदो सङ्कटलाई सम्बोधन गर्न सकिएला ।

पुस्तकमा मध्यकालको चर्चित ग्रन्थ 'सुमतितन्त्र' बारे लामै चर्चा भए पनि त्यसको उद्धरण र सन्दर्भ उल्लेख छैन । किंवदन्तीहरूलाई पूजाआजा र जात्राहरूबाट 'क्रसचेक' गरिने विधि लेखकले अपनाए पनि नास्तिक विचारधाराका पाठकले हिन्दू मान्यतासँग जोडिएको 'साहित्य' लाई इतिहासको भरपर्दो साक्ष्य नमानिदिने सम्भावना पनि जिउँदै छ । कैलाशकुट र मानगृहको चर्चा गर्दा लेखककै पूर्ववर्ती पुस्तक 'द एन्सिएन्ट सेटलमेन्ट्स अफ द काठमान्डौं भ्याली' का केही प्रसङ्ग पुनरावृत्त भएका छन् ।

पुस्तकमा सतीप्रथा, जात व्यवस्था र मातृकाप्रथाका केही प्रसङ्ग छन् भने नयाँ संवत् थालनी गर्दा राजाको जन्मोत्सवलाई सन्दर्भ पार्ने चलनको चर्चा चाखलाग्दो छ । साथै, दिइएका सङ्क्षिप्त पर्व-परिचय, तिथिमिति र शब्दावलीले पुस्तकलाई थप पठनीय पारेका छन् । मन्दिर, बाटो, भवनको वास्तुविधान आदिबारे लेखकको बोध र विश्लेषण क्षमताबाट पाठक नतमस्तक हुन्छन् नै ।

यस पुस्तकले सुदर्शनराज तिवारीसँग भएको संस्कृति, कला र इतिहाससम्बन्धी ज्ञानको गहिराइ मात्रै देखाउँदैन, भावी अध्येताका लागि सम्भावित अनेक पाटा र बाटाहरूसम्म पुग्ने एउटा उज्यालो ढोका खोलिदिन्छ ।




प्रकाशक तथा कार्यकारी सम्पादक: उद्धव सुजखु★सम्पादक: चक्रबहादुर चाकतु★कार्यालय: कमलविनायक, भक्तपुर, फोन नं. ६६१०९२१, फ्याक्स: ६६१३२०७, E-mail: majdurdaily@gmail.com ★ विज्ञापन शाखा: ६६१९१०७/६६२०५५९, E-mail: majdurdailybigyapan@gmail.com ★ मुद्रक: सिद्धिगणेश अफसेट प्रेस, चोछें